जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जंगली च्याउहरु विषालु पनि हुन सक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।
खेती गरेर उमारेका च्याउ खाने गरौं।
जीवन सुरक्षित गरौं।
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष २७ •अंक २८७ • २०८२ साल चैत ३ गते मंगलबार (17 March, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## संसदीय राजनीतिबाट सन्यास लिने घोषणा

**टुडे समाचारदाता**



जनकपुरधाम। प्रतिनधिसभा सदस्य निर्वाचनमा नराम्ररी पराजित भएपछि जनमत पार्टीका अध्यक्ष सीके राउतले संसदीय राजनीतिबाट सन्यास लिने घोषणा गरेका छन्।

सामाजिक सञ्जालमार्फत उनले संसदीय पदको राजनीतिबाट टाढा रहे पनि राजनीतिमा भने सक्रिय नै रहने छन्।

अध्यक्ष राउतले पार्टीलाई आवश्यक रहेसम्म नेतृत्व प्रदान गर्दै आगामी राजनीतिक यात्रामा पार्टीलाई सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

२०७९ सालको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनबाट उदाएको जनमत पार्टी त्यसबेला थ्रेस होल्ड कटाएर राष्ट्रिय दल बन्न सफल भएको थियो। सो निर्वाचनमा राउत स्वयं पनि प्रत्यक्षतर्फ निर्वाचित भएका थिए भने समानुपातिकतर्फ पनि पार्टीले केही सिट प्राप्त गरेको थियो।

तर, गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा भने जनमत पार्टीले कुनै पनि सिट प्राप्त गर्न सकेन। सप्तरी-२ बाट उम्मेदवारी दिएका राउत राष्ट्रिय स्वतन्त्र पार्टीका रामजी यादवसंग नराम्ररी पराजित भए।

राउतले अब संसदीय राजनीतिबाट टाढा रहेर पार्टीलाई आगामी स्थानीय र प्रदेश तहका निर्वाचनका लागि तयार पार्ने बताए।

राउतले पार्टीको अध्यक्ष बन्नु पनि आफ्नो व्यक्तिगत चाहना नभएको जिकिर गरेका छन्। उनले सहकर्मी नेताहरूलाई अध्यक्ष बन्न आग्रह गर्दा कसैले स्वीकार नगरेपछि अन्ततः आफूले नेतृत्व सम्हाल्नुपरेको बताएका छन्।

उनले सरकारबाट गतिविधिमा अवरोध र जनतामाझ पुग्न कठिनाइ भएपछि वैकल्पिक राजनीतिक शक्ति निर्माण गर्ने उद्देश्यले जनमत पार्टी स्थापना गरिएको थियो।

राउत संसदीय दलमा उदाएपछि उनी परिवारवाद, आफन्तवादमै रमाउँदै पार्टीलाई दाई-भाईको पार्टीको रुपमा अघि बढाएको भन्दै व्यापक रुपमा आलोचनासमेत भएको थियो।

### नेपाली राजनीतिक दलको प्रवृत्ति

## समानुपातिक क्लस्टरमा परिवार, नातागोता र धनाढ्यकै नाम सिफारिस

**टुडे समाचारदाता**

जनकपुरधाम। राजनीतिक दलले प्रतिनिधिसभा सदस्यको निर्वाचन अन्तर्गत समानुपातिक प्रणालीतर्फ प्राप्त गरेको मतका आधारमा सांसद बनाउनका लागि क्लस्टर मिलाएर निर्वाचन आयोगमा बुझाएको सूची प्रति व्यापक असन्तुष्टि बढेको छ।

समानुपातिकमा तोकिएको मापदण्ड पूरा गरेर सांसद पाएका ६ राजनीतिक दलले आइतबार सूची बुझाएका थिए। समानुपातिकतर्फ विगतमा झैं यस पटक पनि पार्टीकै प्रभावशाली नेता केन्द्रित नातावाद हावी हुने भएको भन्दै व्यापक रुपमा आलोचना भएको छ। यस पटक नयाँ भनिएका दलले पनि 'नातावाद'लाई नै प्रश्रय दिएको देखिएका छन्।

समानुपातिकतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ५७, नेपाली कांग्रेसले २०, नेकपा एमालेले १६, नेपाली कम्युनिस्ट पार्टी(नेकपा) ले ९ तथा श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) ले ४/४ जना सांसद पाएका छन्।

सो सिटमा क्लस्टर अनुसार सिफारिस गर्दा ४ दलले नेताका परिवार, नातेदार र आर्थिक चलखेलका आधारमा प्राथमिकतामा राखेर सिफारिस गरेको भन्दै आलोचना भएको छ। कांग्रेस, एमाले, नेकपा, राप्रपा र रास्वपाले समानुपातिक सूचीमा परिवार, नातेदार र आर्थिक चलखेलका आधारमा धनाढ्यलाई रोजेर सांसदमा सिफारिस गरेका छन्।

कांग्रेसबाट सिफारिस भएका ४ जना तथा नेकपा एमाले, नेकपा र राप्रपाबाट सिफारिस भएका १/१ जना नेताका नातेदार छन्। कांग्रेसको खस आर्य क्लस्टर पुरुषबाट सिफारिस भएका अर्जुननरसिंह केसी पार्टी सभापति गगन कुमार थापाका ससुरा हुन्। केसी यसअघि पनि पटक-पटक सांसद र मन्त्री भइसकेका छन्।



कांग्रेसले समानुपातिकतर्फ उम्मेदवार बनाउँदा देउवा नै पार्टी सभापति थिए। देउवाकै हस्ताक्षरसहित कांग्रेसले समानुपातिक उम्मेदवारको बन्दसूची निर्वाचन आयोगमा बुझाएको थियो।

राष्ट्रिय पञ्चायतदेखि अहिलेसम्म अवसरै अवसर पाएका केसी २०४८, २०५१, २०७० र २०७९ मा नुवाकोटबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भए। अहिले ज्वाइँ पार्टी सभापति हुँदा समानुपातिकतर्फबाट सांसदमा सिफारिस भएपछि उनको आलोचना हुन थालेको छ।

त्यस्तै कांग्रेसकै मधेशी क्लष्टरबाट सांसद सिफारिस भएका डा. चन्द्रमोहन यादव पूर्वराष्ट्रपति डा. रामवरण यादवका पुत्र हुन्। उनी यसअघि पनि प्रत्यक्ष जितेर प्रतिनिधि सभा सदस्य भएर काम गरिसकेका छन्। त्यस्तै पूर्वराष्ट्रपति यादवकी भतिजी रेखा यादवको पनि नाम सिफारिस गरिएको छ।

कांग्रेसबाटै खस आर्य महिलातर्फ सांसद सिफारिस भएकी रीना उप्रेती कांग्रेस नेता बलबहादुर केसीकी श्रीमती छन्। उनी पद्मकन्या क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको सभापति भएकी थिइन्।

रुकमणि देवी कोइरालालाई पनि समानुपातिक सांसदमा सिफारिस गरिएको छ। उनी कांग्रेसका नेता डा.शेखर कोइरालाकी श्रीमती हुन्।

त्यस्तै मधेशी कोटामा सांसद सिफारिस भएकी निनुकुमारी कर्ण कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिकी भाञ्जी हुन्। कांग्रेस भ्रातृसंस्था महिला संघको राजनीतिबाट राजनीतिमा आएकी कर्ण पूर्वसांसद हुन्।

त्यस्तै नेकपा एमालेले जनजाति क्लस्टरबाट सांसद बनाएकी भूमिका सुब्बा एमाले नेता वसन्त नेम्वाङकी श्रीमती हुन्। सुब्बाले एमालेको भ्रातृसंस्था जनसांस्कृतिक महासंघको अध्यक्ष हुन्।

त्यस्तै नेपाली कम्युनिस्ट पार्टीबाट खस आर्य क्लस्टरमा सांसद सिफारिस भएकी बलावती शर्मा नेता देवेन्द्र पौडेलकी श्रीमती हुन्। शर्मा पूर्वविधायक हुन्। उनले २०६३ सालमा अन्तरिम व्यवस्थापिका सदस्य भएर काम थिइन्।

शर्माका श्रीमान् देवेन्द्र पौडेल पूर्वशिक्षामन्त्री पनि हुन्। तत्कालीन माओवादीले चलाएको जनयुद्धकालदेखि नै पार्टीमा सक्रिय रहेका उनीहरू माओवादी हुँदै नेकपाको राजनीतिमा सक्रिय छन्। बागलुङबाट निर्वाचन लड्दै आएका पौडेल यस पटक निर्वाचन क्षेत्र परिवर्तन गर्दै नवलपरासी-२ बाट प्रत्यक्षतर्फ उम्मेदवार थिए। तर उनी पराजित भए।

राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि वरिष्ठ उपाध्यक्ष बुद्धिमान तामाङकी श्रीमती सरस्वती लामालाई आदिवासी जनजाति महिला क्लस्टरबाट सांसद सिफारिस गरेको छ। तत्कालीन राजा ज्ञानेन्द्र शाहको शासनकालमा गृहमन्त्री र प्रजातन्त्रकालमा पटक-पटक मन्त्री र सांसद भएका तामाङले यस पटक श्रीमतीलाई सांसद बनाएका छन्।

त्यस्तै रास्वपाबाट धनाढ्यलाई नै समानुपातिक तर्फको सांसद बनाएको छ।

दलहरूले सिफारिस गरेको नामावलीलाई निर्वाचन आयोगले निर्धारण गरेको क्लस्टरको संख्या आधारमा प्रमाणपत्र दिनेछ। हरेक दलले हरेक क्लस्टरमा नाम सिफारिस गरिए पनि मधेशी दलितको नाम भने कुनै पनि दलले नगरेको दलितका नेताहरुको मन खिन्न भएको छ।

## ग्यास अभावपछि विद्युतीय चुलोको माग बढ्यो

**टुडे समाचारदाता**

जनकपुरधाम। मध्यपुर्वमा जारी तनाव र युद्धको असर विश्व ऊर्जा बजारसंगै घरायसी भान्सामा देखा परेको छ।

खाना पकाउने एलपी ग्यासको आपूर्ति अवरुद्ध हुने डर र पेट्रोलियम पदार्थको आपूर्ति मार्ग अस्थिर हुँदा दर्जनौं मुलुकका उपभोक्ताहरूले विकल्पको रूपमा विद्युतीय चुलोको मागमा वृद्धि भएको छ।

विश्व बजारमा अहिले विद्युतीय चुलोको बजार ह्वात्तै बढेको छ।

फ्युचर मार्केट इनसाइडले जनाए अनुसार सन् २०२५ सम्म इन्डक्सन चुलोको बजार २३.६ अर्ब अमेरिकी डलरको थियो। आगामी सन् २०३५ सम्ममा यो बजार बढेर ३७ अर्ब अमेरिकी डलरसम्म पुग्ने आँकलन गरिएको जनाइएको छ। त्यस्तै इन्फ्रारेड चुलोको बजार आगामी सन् २०३३ सम्ममा २३३ मिलियन अमेरिकी डलर पुग्ने बताइन्छ।





ऊर्जा दक्षता, कम ताप उत्सर्जन, सुरक्षित खाना पकाउने प्रविधि र स्मार्ट किचेन प्रविधिका कारण विद्युतीय चुलो अन्तर्गतको इन्डक्सन र इन्फ्रारेड चुलो बजारमा माग बढेको छ।

युद्धपछि तेल र ग्यासको आपूर्ति श्रृंखला प्रभावित भएकाले विद्युतीय चुलोको बजार अत्यधिक परिमाणमा बढेको छ। त्यस्तै एलपी ग्यासको आपूर्ति प्रणाली घट्ने र मूल्य बढ्न सक्ने आशंकाका कारण पनि यस्ता चुलोको बजार हिस्सा बढ्दै गएको छ।

पछिल्लो समयमा भारतमा इन्डक्सन चुलोको बिक्री ३० गुणासम्म वृद्धि भएको पाइएको छ। केही ई-कमर्स प्लेटफर्ममा विद्युतीय चुलोको स्टकसमेत सकिएको छ। यस्तै खुद्रा बजारमा १० दोब्बर बिक्री बढेको छ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाए अनुसार भारतमा ग्यासको आपूर्तिमा आएको संकटका कारण विद्युतीय चुलोको ठूलो माग बढेको छ। घरपरिवार र रेष्टुरेन्टमा समेत विद्युतीय चुलोको अत्यधिक प्रयोग दर बढेपछि माग बढेको छ।

बजारको मागलाई धान्न भारतको इन्डक्सन चुलो उत्पादकहरूले उत्पादन क्षमता ७० प्रतिशतबाट वृद्धि गरी अहिले शतप्रतिशत पुऱ्याएका छन्।

इन्डक्सन र इन्फ्रारेड चुलोको सबैभन्दा ठूलो उत्पादक मुलुक चीनमा पनि ग्यासको अभाव हुन थालेपछि यी चुलोको अत्यधिक माग बढेको छ।

जर्मनी, फ्रान्स, नेदरल्याण्ड, अमेरिका, थाइल्याण्ड, भियतनाम र इन्डोनेशियालगायतका मुलुकमा पनि पछिल्लो समयमा विद्युतीय चुलोको मागमा उच्च परिमाणमा वृद्धि भएको बताइन्छ।

युद्ध अघिसम्म भारतमा दैनिक करिब १५ हजार गोटासम्म बिक्री हुने विद्युतीय चुलोको बिक्री अहिले दैनिक १ लाखसम्म पुगेको छ।

युद्धपछि भारतमा अहिले ८५, चीनमा ४०, अमेरिकामा ७०, युरोपमा ५०, जापानमा ४०, दक्षिण कोरियामा ५० र दक्षिण पूर्व एशियामा ६० प्रतिशतले विद्युतीय चुलोको माग बढेको छ।



युद्धपछि एशियाली मुलुकमा दैनिक ४ लाख, युरोपमा १ लाख र अमेरिकामा ६० हजार गोटासम्म विद्युतीय चुलोको बिक्री भइरहेको छ।

एलपी ग्यासको विकल्पमा आम उपभोक्ताले इन्डक्सन र इन्फ्रारेड चुलो विकल्पको रूपमा प्रयोगमा ल्याएपछि अहिले विद्युतीय चुलोको मूल्यसमेत आकाशिएको छ।

जबकी युद्ध अघिसम्म ३ हजार ५ सय रुपैयाँमा पाइने सामान्य मोडेलको इन्डक्सन चुलोको मूल्य बढेर ४ हजार ५०० रुपैयाँ पुगेको छ। त्यस्तै ७ हजार रुपैयाँ पर्ने मध्यम मोडेलको मूल्य बढेर अहिले ९ हजार र २० हजार रुपैयाँ पर्ने प्रिमियम मोडेलको इन्डक्सनको मूल्य बढेर अहिले २५ हजार रुपैयाँ पुगेको छ।

उता इन्फ्रारेड चुलोतर्फ बढीमा ५० हजार रुपैयाँसम्ममा विक्रि वितरण हुने गरेको पाइएको छ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार यस्ता इन्डक्सन चुलो र इन्फ्रारेड चुलो मुख्य गरी चीन, जापान, दक्षिण कोरिया, युरोप र भारतमा उत्पादन हुने गरेको छ।

यसमध्ये सबैभन्दा बढी चीनले माइडिया र हाइयर ब्रान्डमा उत्पादन गर्छ। यसपछि जापानले पानासोनिक ब्रान्ड, दक्षिण कोरियाले सैमसङ, युरोपले बोस्च र इलेक्ट्रोलक्स तथा भारतले टीटीके प्रेस्टिज, बजाज, बटरफ्लाइ ब्रान्डमा विद्युतीय चुलो उत्पादन गर्दै आएका छन्।

चीनले दैनिक ३ लाख गोटा, भारतले ८० हजार र युरोपियन मुलुकबाट ३० हजारको हाराहारीमा उत्पादन हुँदै आएको छ। तर युद्ध शुरु भएयता माग बढेपछि अधिकांश यस्ता उत्पादक मुलुकले उत्पादन क्षमता शतप्रतिशतसम्म पुर्याएका छन्।

नेपालमा पनि २०७२ असोजदेखि नेपालमा शुरु भएको अघोषित नाकाबन्दीको समयमा विद्युतीय चुलोतर्फ उपभोक्ता आकर्षित भएका थिए।

खाना पकाउने ग्यासको चरम अभाव सिर्जना भएपछि तत्कालीन समयमा आम उपभोक्ताको रोजाइमा इन्डक्सन चुलो परेको थियो।

चीन सरकारले अनुदानमा उपलब्ध गराएको उक्त इन्डक्सन चुलो साल्ट ट्रेडिङ कर्पोरेशन र खाद्य व्यवस्था तथा व्यापार कम्पनी (तत्कालीन नेपाल खाद्य संस्थान) मार्फत बिक्री वितरण भएको थियो।

पछिल्लो समयमा युद्धको प्रभावका कारण नेपालमा पनि खाना पकाउने ग्यासको आम उपभोक्ताले चरम अभाव व्यहोर्न बाध्य भएका छन्। ग्यासको लागि विक्रेता र ग्यास उद्योगमा उपभोक्ताको ठूलो लाइन लाग्न शुरु भएको छ।

विद्युतीय चुलोको आयातमा कर छुट, भान्सामा प्रयोग गर्न राज्यको प्रोत्साहन नीति र स्थानीय उत्पादनमा राज्यले प्रोत्साहन गर्न सके नेपालका उपभोक्ता पनि विद्युतीय चुलोप्रति आकर्षित हुन सक्ने कतिपयले ठम्याएका छन्।



# निर्वाचन आयोगले प्रकासीत गरेको दलहरुले दिएको समानुपातिक सांसदहरुको नामावली

| क्र.सं. | बन्दसूचीको क्रम | उम्मेदवारको पूरा नाम | लिंग/उमेर | समावेशी समूह | सम्बन्धित राजनीतिक दल |
|---|---|---|---|---|---|
| १ | १ | राम लामा | पुरुष ३६ | आदिवासी जनजाति | राष्ट्रिय स्वतन्त्र पार्टी |
| २ | २ | खुसुबु सरकार श्रेष्ठ | पुरुष ६२ | आदिवासी जनजाति | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ३ | ३ | मिङमा ग्याबु शेर्पा | पुरुष ३६ | आदिवासी जनजाति | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ४ | १४ | बसुमाया तामाङ | महिला ५४ | आदिवासी जनजाति | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ५ | १५ | गंगा छन्त्याल | महिला ३५ | आदिवासी जनजाति/अपाङ्ग | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ६ | १६ | सुम्निमा उदास | महिला ४५ | आदिवासी जनजाति | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ७ | १७ | अनुष्का श्रेष्ठ | महिला २९ | आदिवासी जनजाति | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ८ | १८ | ओजश्वी शेरचन | महिला ४१ | आदिवासी जनजाति | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ९ | १९ | सिर्जना श्रेष्ठ | महिला ४५ | आदिवासी जनजाति | राष्ट्रिय स्वतन्त्र पार्टी |
| १० | २० | रजनी श्रेष्ठ | महिला ४४ | आदिवासी जनजाति | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ११ | २१ | कुसुम महर्जन | महिला ४६ | आदिवासी जनजाति | राष्ट्रिय स्वतन्त्र पार्टी |
| १२ | २२ | भूमिका श्रेष्ठ | महिला ३७ | आदिवासी जनजाति | राष्ट्रिय स्वतन्त्र पार्टी |
| १३ | २३ | प्रमिला कुलुजु | महिला ४८ | आदिवासी जनजाति | राष्ट्रिय स्वतन्त्र पार्टी |
| १४ | २४ | सुजाता तामाङ | महिला ३९ | आदिवासी जनजाति | राष्ट्रिय स्वतन्त्र पार्टी |
| १५ | २५ | कृपा महर्जन | महिला ३६ | आदिवासी जनजाति | राष्ट्रिय स्वतन्त्र पार्टी |
| १६ | २६ | एलिना गुरुङ | महिला ३० | आदिवासी जनजाति | राष्ट्रिय स्वतन्त्र पार्टी |
| १७ | ३३ | रमेश प्रसाई | पुरुष ३२ | खस आर्य | राष्ट्रिय स्वतन्त्र पार्टी |
| १८ | ४८ | प्रतिभा रावल | महिला ३२ | खस आर्य | राष्ट्रिय स्वतन्त्र पार्टी |
| १९ | ४९ | रचना खतिवडा खत्री | महिला ५१ | खस आर्य | राष्ट्रिय स्वतन्त्र पार्टी |
| २० | ५० | लिमा अधिकारी (आचार्य) | महिला ५१ | खस आर्य | राष्ट्रिय स्वतन्त्र पार्टी |
| २१ | ५१ | बिधुषी राणा | महिला ४९ | खस आर्य | राष्ट्रिय स्वतन्त्र पार्टी |
| २२ | ५२ | समिक्षा बास्कोटा | महिला ४१ | खस आर्य | राष्ट्रिय स्वतन्त्र पार्टी |
| २३ | ५३ | श्रद्धा कुवर क्षेत्री | महिला २७ | खस आर्य | राष्ट्रिय स्वतन्त्र पार्टी |
| २४ | ५४ | टीका संग्रौला | महिला ४१ | खस आर्य/ पि.क्षे. | राष्ट्रिय स्वतन्त्र पार्टी |
| २५ | ५५ | कान्तिशिखा धिताल | महिला २९ | खस आर्य | राष्ट्रिय स्वतन्त्र पार्टी |
| २६ | ५६ | आकृति अवस्थी | महिला २७ | खस आर्य | राष्ट्रिय स्वतन्त्र पार्टी |
| २७ | ५७ | सृष्टी भट्टराई | महिला २७ | खस आर्य | राष्ट्रिय स्वतन्त्र पार्टी |
| २८ | ५८ | मञ्जु भूपाल | महिला ४९ | खस आर्य | राष्ट्रिय स्वतन्त्र पार्टी |
| २९ | ५९ | प्रभा कार्की | महिला ४८ | खस आर्य | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ३० | ६० | शोभा खनाल | महिला ३८ | खस आर्य | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ३१ | ६१ | रत्न कुमारी थापा | महिला ४१ | खस आर्य/पि.क्षे. | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ३२ | ६२ | जानु पौड्याल | महिला ५६ | खस आर्य | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ३३ | ६३ | प्रभा ढकाल | महिला ३९ | खस आर्य | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ३४ | ६६ | प्रकाश चन्द्र दर्जी | पुरुष ४९ | दलित | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ३५ | ७३ | रीमा विश्वकमा | महिला ३७ | दलित | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ३६ | ७४ | अमृता बि.क. | महिला ४३ | दलित | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ३७ | ७५ | सीता वादी | महिला ३० | दलित | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ३८ | ७६ | स्मृती सेन्चुरी | महिला ३० | दलित | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ३९ | ७७ | सुष्मा स्वर्णकार (डिप्पल) | महिला ४८ | दलित | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ४० | ७८ | तारा विश्वकर्मा | महिला ३६ | दलित | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ४१ | ७९ | खिमा बि.क. | महिला २७ | दलित | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ४२ | ८१ | सुरेन्द्र चौधरी | पुरुष ५३ | थारू | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ४३ | ८२ | प्रेम लाल चौधरी | पुरुष ५६ | थारू | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ४४ | ८४ | गीता चौधरी | महिला ३३ | थारू | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ४५ | ८७ | करिश्मा कठरिया | महिला २ | थारू | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ४६ | ८८ | पुरुषोत्तम शुभलाभ यादव | पुरुष २७ | मधेशी | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ४७ | ८९ | खगेन्द्र कर्ण | पुरुष ४४ | मधेशी | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ४८ | ९५ | पूनम कुमारी अग्रवाल | महिला ४३ | मधेशी | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ४९ | ९६ | निशा मेहता | महिला ३८ | मधेशी | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ५० | ९७ | ललिता कुमारी | महिला ५४ | मधेशी | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ५१ | ९८ | अंकिता ठाकुर | महिला ३० | मधेशी | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ५२ | ९९ | सरिता महतो | महिला ३२ | मधेशी | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ५३ | १०० | कामिनी कुमारी | महिला ४४ | मधेशी | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ५४ | १०१ | सुनिता कुमारी चौधरी | महिला ३५ | मधेशी | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ५५ | १०८ | समिना मिया | महिला ३७ | मुस्लिम | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ५६ | १०९ | अपसाना बानु | महिला ३१ | मुस्लिम | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ५७ | ११० | गजाला शमीम मिकरानी | महिला ३१ | मुस्लिम | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ५८ | १ | भीमराज आङदेम्वे | पुरुष ६१ | आदिवासी जनजाति | नेपाली काँग्रेस |
| ५९ | १६ | मदनकृष्ण श्रेष्ठ | पुरुष ५१ | आदिवासी जनजाति/अपाङ्ग | नेपाली काँग्रेस |
| ६० | १७ | गीताकुमारी सेन्दाङ | महिला ५२ | आदिवासी जनजाति | नेपाली काँग्रेस |
| ६१ | १८ | गंगाााालक्ष्मी अवाल | महिला ५३ | आदिवासी जनजाति | नेपाली काँग्रेस |
| ६२ | १९ | गीता गुरुङ | महिला ३० | आदिवासी जनजाति | नेपाली काँग्रेस |
| ६३ | २० | रेनुका काउचा | महिला ३१ | आदिवासी जनजाति | नेपाली काँग्रेस |
| ६४ | ७८ | अर्जुननरसिंह के.सी. | पुरुष ७८ | खस आर्य | नेपाली काँग्रेस |
| ६५ | ८४ | कालि बहादुर सहकारी | पुरुष ६८ | खस आर्य/पि.क्षे. | नेपाली काँग्रेस |
| ६६ | ८९ | सुशीला ढकाल आचार्य | महिला ६४ | खस आर्य | नेपाली काँग्रेस |
| ६७ | ९० | श्रीमती रुक्मिणी देवी कोइराला | महिला ७० | खस आर्य | नेपाली काँग्रेस |
| ६८ | ९१ | रीना उप्रेती | महिला ५४ | खस आर्य | नेपाली काँग्रेस |
| ६९ | ९२ | सीता थपलिया | महिला ४१ | खस आर्य | नेपाली काँग्रेस |
| ७० | ३६ | प्रमिला कुमारी गच्छदार | महिला ५० | थारू | नेपाली काँग्रेस |
| ७१ | ७० | हरिना देवी कामी | महिला ३७ | दलित | नेपाली काँग्रेस |
| ७२ | ७१ | पवित्रा वि.क. | महिला ४९ | दलित | नेपाली काँग्रेस |
| ७३ | ७२ | मनमाया वि.क. | महिला ४४ | दलित | नेपाली काँग्रेस |
| ७४ | ४५ | चन्द्रमोहन यादव | पुरुष ६४ | मधेशी | नेपाली काँग्रेस |
| ७५ | ५३ | नीनु कुमारी कर्ण | महिला ५२ | मधेशी | नेपाली काँग्रेस |
| ७६ | ५४ | रेखा कुमारी यादव | महिला ५४ | मधेशी | नेपाली काँग्रेस |
| ७७ | ४२ | शाहजान खातुन | महिला ४० | मुस्लिम | नेपाली काँग्रेस |
| ७८ | १ | भूमिका लिम्बू सुब्बा | महिला ५५ | आदिवासी जनजाति | एमाले |
| ७९ | २ | गंगााादेवी श्रेष्ठ | महिला ४९ | आदिवासी जनजाति | एमाले |
| ८० | १७ | रामबहादुर थापा मगर | पुरुष ६९ | आदिवासी जनजाति | एमाले |
| ८१ | १८ | कुल भक्त शाक्य | पुरुष ६३ | आदिवासी जनजाति | एमाले |
| ८२ | ३३ | पद्मा कुमारी अर्याल | महिला ५६ | खस आर्य | एमाले |
| ८३ | ३४ | टुकाभद्रा हमाल | महिला ६३ | खस आर्य | एमाले |
| ८४ | ४१ | एशुदा कुमारी बराल | महिला ३४ | खस आर्य/पि.क्षे./अपाङ्ग | एमाले |
| ८५ | ५० | गुरु प्रसाद बराल | पुरुष ६८ | खस आर्य | एमाले |
| ८६ | ५१ | पुष्पराज कडेल | पुरुष ७० | खस आर्य | एमाले |
| ८७ | ७० | कृपाराम राना | पुरुष ४६ | थारू | एमाले |
| ८८ | ७३ | विष्णुमाया वि.क. | महिला ५१ | दलित | एमाले |
| ८९ | ७४ | नीता घटानी | महिला ३७ | दलित | एमाले |
| ९० | ८८ | रिगला यादव | महिला ४० | मधेशी | एमाले |
| ९१ | ८९ | यशोदा कुमारी | महिला ४० | मधेशी | एमाले |
| ९२ | ९७ | चन्देश्वर मण्डल | पुरुष ६१ | मधेशी | एमाले |
| ९३ | १०६ | साजिदा खातुन सिद्धिकी | महिला ४४ | मुस्लिम | एमाले |
| ९४ | १ | बलाावती शर्मा | महिला ५३ | खस आर्य | नेपाली कम्युनिष्ट पार्टी |
| ९५ | १८ | प्रमेश कुमार हमाल | पुरुष ७१ | खस आर्य | नेपाली कम्युनिष्ट पार्टी |
| ९६ | ३१ | प्रेम बहादुर वयक | पुरुष ४५ | खस आर्य/अपाङ्ग | नेपाली कम्युनिष्ट पार्टी |
| ९७ | ३४ | भीम्कुमारी बुढामगर | महिला ५० | आदिवासी जनजाति | नेपालीकम्युनिष्ट पार्टी |
| ९८ | ५१ | परशुराम तामाङ | पुरुष ७३ | आदिवासी जनजाति | नेपाली कम्युनिष्ट पार्टी |
| ९९ | ८४ | पार्वती वि.क. | महिला ४२ | दलित | नेपाली कम्युनिष्ट पार्टी |
| १०० | ९२ | गणेश बहादुर विश्वकर्मा | पुरुष ५५ | दलित | नेपाली कम्युनिष्ट पार्टी |
| १०१ | ७५ | जोग कुमार बरबरिया यादव | पुरुष ६१ | मधेशी | नेपाली कम्युनिष्ट पार्टी |
| १०२ | १०४ | निराशा चौधरी (डगौरा) | महिला ४३ | थारू | नेपाली कम्युनिष्ट पार्टी |
| १०३ | १७ | पूर्ण प्रसाद लिम्बु | पुरुष ६३ | आदिवासी जनजाति | श्रम संस्कृति पार्टी |
| १०४ | ३३ | अम्बिका देवी संग्रौला | महिला ५० | खस आर्य | श्रम संस्कृति पार्टी |
| १०५ | ६६ | राधिका रम्तेल | महिला ४२ | दलित | श्रम संस्कृति पार्टी |
| १०६ | १०५ | रुवी कुमारी | महिला २५ | मधेशी | श्रम संस्कृति पार्टी |
| १०७ | १७ | सरस्वती लामा | महिला ५७ | आदिवासी जनजाति | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १०८ | ३३ | भरत गिरी | पुरुष ६३ | खस आर्य | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १०९ | ४९ | खुश्बु ओली | महिला ३५ | खस आर्य | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ११० | १०६ | ताहिर अली भाट | पुरुष ६३ | मुश्लीम | राष्ट्रिय प्रजातन्त्र पार्टी |

# पिएम कपका लागि रंगशाला तयारी शुरु



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री कप (पिएम) क्रिकेट प्रतियोगिताका लागि जनकपुरधाम स्थित श्री रामजानकी बहुउद्देश्यीय अन्तर र्ाष्ट्रिय रङ्गशालामा तयारी शुरु गरिएको छ । आउँदो चैत्र ७ गते शनिवारदेखि पिएम कप क्रिकेट सुरु हुने भएको छ ।

राष्ट्रिय स्तरको सो प्रतियोगिताको उद्घाटन खेलदेखि १७ वटा खेल यसै रंगशालामा खेलिने जिल्ला क्रिकेट संघले जनाएको छ ।

सो एक दिवसीय क्रिकेट प्रतियोगितामा नेपालका ७ प्रदेशका ७ टिम तथा तीन वटा विभागीय टिम गरी कूल १० टिमको सहभागिता रहने आयोजक नेपाल क्रिकेट संघले जनाएको छ । मधेश प्रदेशको राजधानी जनकपुरधाममा उद्घाटन खेल हुनेछ भने फाइनल खेल मधेश प्रदेशकै पर्सा जिल्लाको नारायणी रंगशालामा हुने जनाइएको छ ।

नेपाल क्रिकेट संघका अनुसार पिएम कपमा १९ वटा खेल वीरगन्जमा रहेको नारायणी रङ्गशालामा हुने छन् भने १० खेल काठमाडौँमा हुने छन् ।

नेपालका सबै राष्ट्रिय मिटका खेलाडीहरू सहभागी हुने प्रतियोगिता ५० ओभरको हुने भएकाले यसले खेलाडीमा लामो समयसम्म खेल्ने क्षमताको विकास हुने विश्वास नेपाल क्रिकेट संघको रहेको छ ।

# मदरसामा कपडा वितरण



**टुडे समाचारदाता**

वीरगञ्ज । नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल, वीरगञ्जले पर्सा र बारा जिल्लाका विभिन्न मदरसा तथा यतीमखानामा अध्ययनरत बालबालिकाहरूलाई कपडा वितरण गरेको छ ।

सामाजिक उत्तरदायित्व अन्तर्गत आयोजना गरिएको उक्त कार्यक्रममा ५ सय १४ जना बालबालिका, ९३ जना शिक्षक तथा ५ जना महिला कर्मचारी गरी कुल ६ सय १२ जनालाई कपडा वितरण गरिएको जनाइएको छ ।

कलेजका प्रबन्ध निर्देशक शहनवाज अन्सारी, एकेडेमिक डाइरेक्टर डा. रुबी श्रेष्ठ यशमिन तथा एडमिशन अफेयर्स तथा मार्केटिङ डाइरेक्टर अबिद हुसैन अन्सारीले एक कार्यक्रमका बीच सो कपडा वितरण गरेका हुन् ।

मदरसा बर्खुलउलूम छपकैया, यतीम खाना छपकैया, मदरसा मदिना जामे मस्जिद, मदरसा दारुल उलूम, यतीम खाना बहुअरी, मदरसा सनवरिया पोखरिया, यतीम खाना इनरुवा, मदरसा दुर्गालिया, मदरसा चेटा, मदरसा मदनिया सिरसिया, लिपन मदरसा, मदरसा कलेया इनरुवा, सोनबरसा मदरसा, गोनपुर गफुरिया मदरसा तथा एगाज निकाह मदरसाका विद्यार्थी तथा शिक्षकहरूलाई कपडा वितरण गरिएको हो ।

उक्त कार्यक्रममा वरिष्ठ प्रशासक विश्वनाथ कान्त र मौलाना नुरुल होदा तथा प्रशासन अधिकृत पप्पु सिंह लगायतको उपस्थिति रहेको थियो । सो कार्यक्रम मार्फत विपन्न तथा अभिभावकविहीन बालबालिकालाई नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालले सामाजिक सेवाका क्षेत्रमा निरन्तर योगदान पुऱ्याउँदै आइरहेका छन् ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : काममा अलि व्यस्तता बढ्न सक्छ ।
वृष : आज आर्थिक पक्ष केही राम्रो हुन सक्छ ।
मिथुन : आज नयाँ जानकारी प्राप्त हुन सक्छ । काममा प्रगतिको अवसर आउन सक्छ।
कर्कट : आजपरिवारकोसाथपाउनुहुनेछ।मनमा सकारात्मक उर्जा बढ्नेछ ।
सिंह : आज आत्मविश्वास बढ्नेछ । काममा नयाँ जिम्मेवारी आउन सक्छ ।
कन्या : आज योजना बनाएर काम गर्नु राम्रो हुन्छ ।
तुला : आज नयाँ अवसर प्राप्त हुन सक्छ । मन प्रसन्न रहने सम्भावना छ ।
वृश्चिक : आज महत्वपूर्ण निर्णय लिनुपर्ने हुन सक्छ । काममा ध्यान केन्द्रित गर्नुपर्छ।
धनु : आज यात्रा वा नयाँ योजना बन्न सक्छ । काममा उत्साह बढ्नेछ ।
मकर : आज मेहनतको फल पाउने दिन हुन सक्छ ।
कुम्भ: आज नयाँ विचार आउन सक्छ ।
मीन : आज सृजनात्मक काममा सफलता मिल्न सक्छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१ ☎☎

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# निर्माण सामग्रीको मूल्य स्थिर नहुँदासम्म 'कन्स्ट्रक्सन होलिडे' घोषणाको माग




काठमाण्डु । नेपाल निर्माण व्यवसायी महासङ्घले निर्माण सामग्रीमा मूल्य स्थिर नहुँदासम्म 'कन्स्ट्रक्सन होलिडे' घोषणा गर्न सरकारसँग आग्रह गरेको छ । मध्यपूर्व र पश्चिम एसियामा देखिएको युद्धका कारण देखाउँदै निर्माण उद्योगमा अत्यधिक प्रयोग हुने डिजेल, पेट्रोल, मट्टितेललगायतका इन्धन सामग्रीहरूमा भएको भारी मूल्यवृद्धिप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाउँदै महासङ्घले यस्तो माग अगाडि सारेको हो ।

महासङ्घका महासचिव रोशन दाहालद्वारा आज जारी विज्ञप्तिमा भनिएको छ,"धमाधम निर्माण कार्य हुने सिजनमा इन्धनलगायत सामग्रीहरूमा भएको भारी मूल्यवृद्धिले निर्माण व्यवसायीहरूलाई ठूलो आर्थिक भार पर्नुका साथै पूर्वाधार खर्च बढ्न गई नेपाल सरकारका सार्वजनिक निकायहरूलाई नै आर्थिक बोझ थपिने निश्चित छ।

त्यसैले मूल्यवृद्धि स्थिर नभएसम्म सम्पूर्ण आयोजनाको निर्माण कार्य हाललाई स्थगित गर्न महासङ्घ बाध्य हुने व्यहोर ासमेत अवगत गराउँदछौँ ।"

एकातिर बजारमा निर्माण सामग्रीको मूल्यवृद्धि हुने र अर्कोतर्फ राष्ट्रबैंकबाट जारी हुने मूल्य सूचकाङ्क वास्तविक नहुने भएकाले मूल्य स्थिर नहुँदासम्मको लागि सरकारको तर्फबाट नै ' कन्स्ट्रक्सन होलिडे' घोषणा गर्न महासङ्घले अनुरोध गरेको हो । इन्धन सामग्रीहरूमा भएको भारी मूल्यवृद्धिबाहेक हालै निर्वाचनको मौका पारेर नेपालमा सीमित आयातकर्ताहरूले 'कार्टेलिङ' गर्दै सडक निर्माणमा प्रयोग हुने बिटुमिनको पनि कृत्रिम अभाव सिर्जना गरी आर्थिक समस्यामा पारेको महासङ्घको दाबी छ।

सडक कालोपत्र सुरु भएपछि बिटुमिनको अभाव हुँदा कालोपत्र गर्न ठिक्क पारिएको सडकमा थप क्षति हुने सम्भावना प्रबल भएको र 'बुकिङ' गर्दाको मूल्यभन्दा हाल प्रतिलिटर रु ४० सम्म मूल्यवृद्धि हुँदा निर्माण व्यवसायीहरू दोहोरो पीडामा परेका महासङ्घको धारणा छ । पछिल्लो समय भारतले बिटुमिनको निर्यात बन्द गरेका कारण मुलुकको निर्माण उद्योग थप प्रताडित भएको विज्ञप्तिमा उल्लेख छ।

"निर्वाचनकै माहोलबीच सीमित उद्योगीहरूले फलामे डन्डी र सिमेन्टमा पनि मूल्यवृद्धि गर्दा सरकारी पूर्वाधार मात्र होइन निजी क्षेत्रको पूर्वाधारमा पनि ठूलो आर्थिक भार थपिएको छ", विज्ञप्तिमा भनिएको छ,"हाल फलामे डन्डी प्रतिकेजी रु ८५ बाट रु १०० र सिमेण्टमा प्रतिबोरा रु ५० सम्म मूल्यवृद्धि भएको छ । सीमित उद्योगीहरूले मूल्यवृद्धिसँगै कार्टेलिङ गरी उत्पादनमा समेत कटौती गरेकाले भुक्तानी अभावलगायतका कारण अत्यन्त सकसमा रहेको निर्माण उद्योग थप समस्याग्रस्त भएको छ।"

सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार प्रत्येक आयोजनामा मूल्यवृद्धि भएअनुरुप मूल्य समायोजनको व्यवस्था गर्न महासङ्घले विज्ञप्तिमार्फत सरकारका सम्बन्धित निकायसमक्ष माग गरेको छ ।रासस

# मधेस प्रदेशमा आँप उत्पादनमा वृद्धि हुने



जनकपुरधाम । मधेश प्रदेशमा यस वर्ष आँप उत्पादनमा वृद्धि हुने भएको छ । मधेस प्रदेशको आठवटै जिल्लामा खेत तथा बगैँचामा लगाइएका आँपको रूखमा अत्यधिक मजरी अर्थात् फुल लागेको छ।

चैत/वैशाखमा चल्ने हावाहुरी, असिना तथा मधुवा रोगको प्रभाव नपरे यस वर्ष मधेसमा आँप उत्पादन उल्लेख्य हुने सम्भावना छ। आठवटै जिल्लामा गत वर्षको तुलनामा यस वर्ष करिब ६० प्रतिशतभन्दा बढी आँप उत्पादन हुने मधेस प्रदेशको कृषि विकास निर्देशनालयका वरिष्ठ वागवानी विकास अधिकृत प्रदीपकुमार यादवले जानकारी दिनुभयो। यस वर्ष मधेसका किसानले करिब ३० हजार ८०० हेक्टर क्षेत्रफलमा आँप खेती गरेका छन् । मौसमअनुकूल रहेमा प्रदेशमा चार लाख मेट्रिक टनभन्दा बढी आँप उत्पादन हुने उहाँले बताउनुभयो।


मधेसका जिल्लामध्ये धनुषा, महोत्तरी, सिरहा र सप्तरी आँप उत्पादनका हिसाबले अग्रणी मानिन्छन् । व्यावसायिक रूपमा आँप खेती विस्तार हुँदै गएको यस प्रदेशले देशको कुल आँप उत्पादनको करिब ७६ प्रतिशत हिस्सा ओगट्ने गरेको निर्देशनालयको तथ्याङ्कमा उल्लेख छ। गत आर्थिक वर्षमा मधेसका किसानले ३० हजार ६०० हेक्टरमा आँप खेती गरेका थिए । त्यसबेला प्रदेशमा तीन लाख ९५ हजार ९६२ मेट्रिक टन आँप उत्पादन भएको थियो।

मधेसका किसानले विशेषगरी मालदह, बम्बै, कलकत्तिया, अम्रपाली र दशहरी नकुअवा, केरवा, विजु, सिपियालगायत आँपको खेती गर्दै आएका छन्। यहाँ उत्पादन हुने आँप स्थानीय बजारसँगै काठमाडौँलगायत देशका प्रमुख सहरमा पनि बिक्री हुने गरेको छ । यस वर्ष बोटभरि लागेको मञ्जरीले किसानलाई उत्साहित बनाएको छ।

बगैँचामा यति धेरै फूल देखिएपछि व्यापारी ठेक्कामा लिन गाउँगाउँ पुग्न थालेको किसान विल्टु महतोले जानकारी दिनुभयो। आँप खेतीबाट मनग्य आम्दानी हुन थालेपछि पछिल्ला वर्षमा मधेसका किसान यसतर्फ आकर्षित हुँदै गएका छन्। कृषि विज्ञ भगिरथ यादवका अनुसार बगैँचा व्यवस्थापन र रोग नियन्त्रणमा ध्यान दिनसके मधेसमा आँप उत्पादनमा अझै वृद्धि हुने सम्भावना छ।

नेपालमा विदेशी आँपको आयात पनि उल्लेख्य मात्रामा हुँदै आएको छ। प्लान्ट क्वारेन्टाइन कार्यालय भिठामोडका प्रमुख किशोरकुमार यादवका अनुसार गत आर्थिक वर्षको फागुनदेखि चालु आर्थिक वर्षको कात्तिकसम्म भारतबाट भिठामोड नाका हुँदै ३५९ मेट्रिक टन आँप नेपाल भित्रिएको थियो ।रासस

# पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको भन्दै भाडा समायोजन गर्न महासङ्घको माग



काठमाण्डु । देशभरका यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको भन्दै सवारीसाधनमा भाडा समायोजन गर्न माग गरेको हो।

महासङ्घका महासचिव डेकनाथ गौतमले सोमबार एक विज्ञप्ति जारी गरी नेपाल आयल निगमले गएराति पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धिप्रति गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो। उहाँले पेट्रोलियम पदार्थको प्रत्यक्ष उपभोग गर्ने आम यातायात व्यवसायी र उपभोक्ता वर्गको हितलाई मध्यनजर नगरी साबिकको मूल्यमा एकाएक भारी मूल्यवृद्धि गर्दा देशभर यातायात सेवा सञ्चालन गर्ने यातायात व्यवसायी एवम् यात्रुमा प्रत्यक्ष असर पर्न गएका बताउनुभयो।

महासङ्घले नेपाल आयल निगमभित्रको आन्तरिक चुहावट र पेट्रोलियम पदार्थको खपतलाई नियन्त्रण गरी वैज्ञानिक विधि अपनाई पेट्रोलियम पदार्थको सहज आपूर्ति व्यवस्था मिलाउन नेपाल सरकारसमक्ष माग गरेको छ ।सार्वजनिक यातायात सञ्चालनमा सवारीसाधनहरू डिजेल/पेट्रोलको इन्धन प्रयोग गरी सञ्चालन हुने हुँदा पेट्रोलियम पदार्थको मूल्य घटबढ हुँदा प्रत्यक्ष असर सार्वजनिक सवारीसाधन सञ्चालनमा देखिएको महासङ्घले जनाएको छ।

नेपाल आयल नियमले गएरातिदेखि डिजेलमा रु १० र पेट्रोलमा रु १५ वृद्धि गरेको थियो। यातायात व्यवस्था विभागले कानुनबमोजिम सङ्घीय रुटको पेट्रोलियम पदार्थमा मूल्यवृद्धि हुँदा वा मूल्य घट्दा स्वचालित प्रणालीबाट मूल्य समायोजन गर्दै आएको भन्दै अहिले पनि उक्त व्यवस्था लागू गर्न अनुरोधसमेत गरेको छ ।महासङ्घले सङ्घीय रुटको भाडा यातायात व्यवस्था विभागबाट र प्रदेश अन्तर्गतको भाडा सातवटै प्रदेश मन्त्रालयबाट यथाशीघ्र समायोजन गर्नसमेत सरकारसँग माग गरेको छ ।रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/१२/०३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिल

| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी | |
|---|---|---|
| | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
| १. | नाम : उपेन्द्र यादव<br>ना.प्र.नं. ८११३३४६२, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०२/०१<br>बाबुको नाम : चौठी यादव<br>बाजेको नाम : शिव नन्दन यादव<br>ठेगाना : धनुषा जिल्ला, सखुवा वडा नं. ३<br>हाल : धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ३ | नाम : नेपुर देवी<br>ना.प्र.नं. १७३०९०/१३१२, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१०/२०<br>पतिको नाम : उपेन्द्र यादव<br>ससुराको नाम : चौठी यादव<br>ठेगाना : धनुषा जिल्ला, स. महेन्द्रनगर वडा नं. ७<br>हाल : धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ३ |
| | धितोको विवरण | |
| | उपेन्द्र यादवको नाममा मालपोत कार्यालय जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर वडा नं. १ ग स्थित कित्ता नं. ३२०६ को क्षेत्रफल ०-०-१४ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

धनुषा गा.वि.स. सतोषर वडा नं. ८ हाल परिवर्तित सबैला न.पा. वडा नं. ९ मा बस्ने कुन्जन साहको नाती सिवेधन भन्ने जिवोधन साह तेलीको छोरा गणेश प्रसादको बुवा सिवेधन भन्ने जिबोधन साह तेलीको नाममा साविक लगत कायम रहेकोमा सर्वे नापी हुँदा जि.ध. गा.वि.स. पटेर्वा वडा नं. ८क कि.नं. ६२ क्षेत्रफल ०-११-८. ऐ.ऐ. वडा नं. ८ख कि.नं. ९४ क्षे.फ. ०-२-१५ र जि.ध. गा.वि.स. रघुनाथपुर वडा नं. ३ख कि.नं. ७३ क्षे.फ. १-४-१६ जग्गा मेरो बुवा जिबोधन साह तेलीको नाउँमा नै नापनक्सा भई दर्ता गर्न छुट रहेकोमा जिवोधन साहु तेलीको आफ्नो कालगतिले मिति २०३५/०५/२१ मा मृत्यु भई निजको हकभोग खाने पत्नी गुजरी देवी साह तेलीको समेत मिति २०६७/११/०६ मा मृत्यु भइसकेकोले निजहरुको हकभोग अपुताली खाने एक मात्र छोरा गणेश प्रसाद साहको नाममा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं. १२३४९ मिति २०८२/१०/०९ गतेमा वारेश प्रेम प्रसाद तेली मार्फत यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/११/२९ गतेको आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः माग दाबी बमोजिम निवेदकहरुको नाममा छुट जग्गा दर्ता दा. खा. गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

तपसिल

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | पटेर्वा | एक | ६२ | ०-११-८ | ज.ध. महल-ह, जोताहाको नाम, थर लक्ष्मी साह सुडी, पं. पटेर्वा वार्ड नं. ८ र कैफियत महल यो जग्गा भटिहन बस्ने सिवोधन साह तेलीको नम्बरी मैले जोती खाएको छु |
| धनुषा | पटेर्वा | ८ख | ९४ | ०-२-१५ | ज.ध. महल-ह, जोताहाको नाम, थर मुनिलाल कुमार दनुवार, पं. पटेर्वा वार्ड नं. ८ र कैफियत महल यो जग्गा पं. सतोषर बस्ने सिबोधन साह तेलीको नम्बरी हो मैले बटैयामा जोती खाएको छु। |
| धनुषा | रघुनाथपुर | ३ख | ७३ | १-४-१६ | ज.ध. महल-ह, जोताहाको नाम, थर पुलकित कुमार दोनबार, पं. पटेर्वा वार्ड नं. ९ र कैफियत महल यो जग्गा मौ. भटिहन बस्ने सिवोधन साह तेलीको नम्बरी मेरो जोत हो। |



नेपाल सरकार
उर्जा, सिंचाइ तथा जलस्रोत मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग

## सिचाई तथा जलश्रोत व्यवस्थापन आयोजना

राजविराज, सप्तरी

## आशयपत्रको सुचना

(प्रकाशित मितिः २०८२/११/०३)

यस आयोजनाबाट मिति २०८२/०९/३० गते आह्वान गरिएको निम्नानुसारका ठेक्कामा E–Bidding मार्फत दर्ता भएका बोलपत्रहरु खोली वोलपत्र मुल्याकन गर्दा निम्नानुसारका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्यूनतम् मूल्याङ्कित, सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रायोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | बोलपत्रदाताको नाम र ठेगाना | ठेक्का नं | कवोल अंक (VAT and PS Item समेत) |
|---|---|---|---|
| 1. | M/S Aashi Construction and Suppliers Pvt. Ltd., Bhaktapur Nepal | IWRMP-Saptari/Dimma-Siraha/NCB-02/2082-083 | 59,99,999.99 |
| 2. | M/S R.C. Nishtha construction and suppliers, lalbandi-06. Sarlahi | IWRMP-Saptari/Balan/RB/NCB-05/2082-083 | 1,08,13,602.92 |
| 3. | M/S Aayushma Construction, Lahan Municipality-5, Siraha | IWRMP-Saptari/Mahuli/RB/NCB-02/2082-083 | 96,14,703.20 |
| 4. | M/S National Nirman Sewa. Rajbiraj-1, Saptari | IWRMP-Saptari/Khando/RB/NCB-28/2082-083 | 43,50,918.93 |
| 5. | M/S Sunkoshi Nirman Sewa, Gaighat Udayapur | IWRMP-Saptari/Khando/LB/NCB-29/2082-083 | 59,42,517.86 |

आयोजना प्रमुख



## लोहारपट्टी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
लोहारपट्टी, महोत्तरी
मधेश प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८२।१२।०३)

प्रस्तुत विषयमा लोहारपट्टी नगरपालिकाको लागि आ.व. २०८२।०८३ सङ्घीय सरकार सशर्त अनुदान बजेटमा उल्लेखित कार्यक्रम अनुसार देहायको पद संख्या र योग्यता भएको कर्मचारी देहाय बमोजिमको पदमा सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै कार्यालयको Email Address :- loharpattimunicipality@gmail.com मार्फत पनि आवेदन पेश गर्न सकिने तथा दरखास्त फाराम, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु नगरपालिकाको नियमानुसार उपलब्ध हुनेछ।

| क्र. सं. | विज्ञापन नं. | सेवा करारमा लिने पद | तह | माँग संख्या | न्युनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | १/२०८२/०८३ | अ.न.मी. | चौथो | १ (एक) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कमतीमा अ.न.मी. विषय उत्तीर्ण भएको | रु.३००।- |

१. **सेवाको किसिम** :- सेवा करार
२. **आवेदनमा संलग्न गर्नुपर्ने कागजात**:-
- उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,
- नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- कार्य अनुभव भएमा प्रमाण पत्रको प्रतिलिपि,
- राजश्व दाखिला गरिएको भौचर।
- निवेदकको दुई प्रति फोटो,

(पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ।)


३. **उमेरको हद** :- १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको,महिला हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।
४. **पारिश्रमिक तथा करार अवद्यि** :- सम्झौतामा तोके बमोजिम हुनेछ ।
५. **आवेदन दस्तुर बुझाउने बैंक खाता** :- एन.आइ.सि. बैंक, लोहारपट्टी शाखामा रहेको खाता नं. १३६२०५००२८७५३००२ (आन्तरिक राजश्व खाता)
६. **छनौट पद्बति** :- लिखित/अन्तरवार्ता परीक्षा
७. **परीक्षा मिति** :- दरखास्त संकलन पछि सूचना गरिने छ।
८. समय अवधि सकिएर आएका आवेदन फारमहरु माथि कारवाही हुने छैन।
९. **अन्य जानकारीको लागि** :- ९८५४०३१५२०/९८०१६३१२८३

(नोटः- मेल मार्फत पठाउने कागजातहरु PDF फायल बनाई पठाउनु पर्नेछ।)

प्रमुख प्रशासकिय अधिकृत

जनकपुर टुडे





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# रास्वपा पनि कांग्रेस पथमा

प्रतिनिधिसभाको चुनावमा दोस्रो पटक सहभागि भएको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) अनपेक्षित मत पाएर झण्डै दुई तिहाइ सिट जितेको छ । तर रास्वपा पनि प्रत्यक्ष र समानुपातिक तर्फ सिट बाँडफाँटमा कांग्रेसकै मार्गमा अगाडि बढेको छ । प्रत्यक्ष तर्फ रास्वपाबाट पनि टिकट किनेको आरोप लागेको छ । समानुपातिक तर्फ पनि रास्वपा विवादमुक्त हुन सकेन । चुनावमा मत माग्न मात्र नभइ हरेक क्षेत्रमा उम्मेदवारलाई जिताउन अहोरात्र खटेका निष्ठावान नेताहरु समानुपातिक तर्फ छाँटिएका छन् । समानुपातिक सिट बाँडफाँटमा विभेद गरिएको आरोप लागेको छ । हुन त सबैलाई सन्तुष्ट गर्न सहज पनि छैन । समानुपातिक तर्फ सिट बाँडफाँटमा सबै दलमा आलोचना भइरहेको छ । रास्वपा पनि त्यो भन्दा अलग छैन । रास्वपाले सबै भन्दा बढी सिट प्रत्यक्ष र समानुपातिक मत पाएको छ । तर समानुपातिक तर्फको सिट बाँडफाँटमा मधेश प्रदेश सबैभन्दा कम सिट समानुपातिक तर्फ पाएको छ । मधेश प्रदेशलाई रास्वपाले प्रारम्भमै उपेक्षा गर्न थालेको छ । मधेश प्रदेशबाट समानुपाति तर्फका उम्मेदवारहरुले प्रत्यक्ष उम्मेदवारको भन्दा कम्ती मिहिनेत गरेको थिएन । विगतमा कांग्रेस पार्टीले पनि मधेशबाट मत लिएर मधेशी नेताहरुलाई उपेक्षा गर्थ्यो । रास्वपाले पनि त्यसै गरेको देखिन्छ । यसले मधेशको विश्वासलाई रास्वपाले गुमाउन सक्छ । मधेशी बालेनलाई प्रधानमन्त्रीको रुपमा अगाडि सारेर मधेशको मत प्राप्त गरे पनि समानुपातिक, समावेशीको सिद्धान्तलाई कार्यान्वयन नगरे आगामी दिनमा परिणाम सकारात्मक नहुन सक्छ । मधेशमा रहेका जातजाति, भाषाभाषीहरुलाई सन्तुलन मिलाउन पनि आवश्यक छ । विगतमा जनता समाजवादी पार्टी(जसपा)नेपालले पनि यस्तै गर्थे । मधेशमा मत लिएर अन्यत्रबाट समानुपातिक सांसद चयन गरिन्थ्यो । त्यसको परिणाम मधेश केन्द्रित दल भएर मधेशमा नै शून्यमा झरेको छ । रास्वपाको पक्षमा चुनावी लहर मधेशबाट नै चलेको थियो । जनकपुरधामको तिर हुतिया गाछीमा भएको घोषणा सभाले नै बालेनको आँधी उठेको थियो । तर त्यसको सम्मान रास्वपाले गरेको देखिएन । मधेश प्रदेशको मतमा अन्यत्रबाट समानुपातिक तर्फको सांसद चयन भएका छन् । रास्वपाले विभेदपूर्ण निर्णय गरेको आरोप लागेको छ । मधेशका प्रभावशाली नेताहरुमा असन्तुष्टि देखिएको छ । रास्वपाको आँधी बालेनको कारण चले पनि त्यसमा इमान्दार र निष्ठावान नेताहरुको भुमिका पनि कमजोर छैन । देशका पुराना दलहरुले मधेशसित गरेको व्यवहारमा रास्वपाले पनि परिवर्तन गरेको देखाएको छैन । मधेश आन्दोलन गर्दै संघीयता स्थापना गर्ने मधेश केन्द्रित दलहरुले समेत मधेशमा रास्वपाको आधी मत पाएको थिएन । मधेशीलाई ठग्ने प्रवृत्ति अझै पनि नेताहरुबाट हटेको छैन । बाध्यात्मक बाहेक रास्वपाले पनि समानुपातिक तर्फको सिटमा मधेशलाई उपेक्षा गरेको छ । महिलाबाट आरक्षण पुऱ्याएर पुरुष तर्फका उम्मेदवारहरुलाई निकै कटौती गरेको छ । रास्वपाको कार्यप्रति असन्तुष्टि बढ्नु ठिक होइन । यसलाई समयमै सच्याउन आवश्यक छ ।

# लोकतन्त्रमा हार र जीत दुवै स्वाभाविक प्रकृया



प्रेमचन्द्र झा

नेपालको राजनीतिले पछिल्ला तीन दशकभन्दा बढी समयको यात्रामा धेरै परिवर्तनहरू देखेको छ। व्यवस्था फेरियो, शासनका स्वरूप बदलिँदै गए, नयाँ संविधान आयो, नयाँ नेतृत्वहरू उदाए र पुराना शक्तिहरू कमजोर हुँदै गए। तर यति धेरै राजनीतिक परिवर्तनहरूको बीचमा एउटा प्रश्न भने निरन्तर उठिरह्यो–के यी परिवर्तनहरूले नागरिकको जीवनमा अपेक्षित सुधार ल्याए?

आजको राजनीतिक परिस्थिति हेर्दा यही प्रश्न झन् गम्भीर रूपमा उठेको देखिन्छ। लामो समयसम्म राजनीतिमा प्रभाव जमाएका दलहरू अचानक असहज स्थितिमा पुगेका छन्। सत्ता र शक्तिको केन्द्रमा वर्षौंसम्म बसेका नेताहरू आज आत्मरक्षाको अवस्थामा देखिन्छन्। यस्तो परिस्थिति कसरी आयो भन्ने विषयमा गम्भीर बहस आवश्यक छ।

कसैले कल्पना पनि गरेको थिएन कि दशकौंसम्म शासनको केन्द्रमा रहेका शक्तिहरू एकाएक यति कमजोर देखिन थाल्नेछन्। कसैले सोचेको थिएन कि आफूलाई राजनीतिका धुरन्धर खेलाडी मान्ने नेताहरूलाई भर्खरै उदाएका युवापुस्ताका नयाँ शक्तिहरूले यति ठूलो चुनौती दिनेछन्। तर राजनीति त्यही क्षेत्र हो जहाँ स्थायित्वभन्दा परिवर्तन बलियो हुन्छ। जनताको मन परिवर्तन भए राजनीति पनि परिवर्तन हुन्छ।

नेपालको लोकतान्त्रिक यात्राको सुरुवात ठूलो आशा र उत्साहका साथ भएको थियो। जनताले संघर्ष गरेर प्राप्त गरेको अधिकारले देशलाई नयाँ दिशातर्फ लैजाने विश्वास थियो। बहुदलीय व्यवस्था पुनःस्थापित भएपछि नागरिकहरूले सोचेका थिए–अब शासन पारदर्शी हुनेछ, विकास तीव्र गतिमा अघि बढ्नेछ, र राज्यले नागरिकको जीवनलाई सहज बनाउनेछ।

तर समय बित्दै जाँदा जनताको अपेक्षा र वास्तविकताको बीचमा दूरी बढ्दै गयो। राजनीतिक दलहरूबीचको प्रतिस्पर्धा विकासको नीतिमा होइन, सत्ताको समीकरणमा केन्द्रित हुन थाल्यो। गठबन्धन बनाउने र भत्काउने खेलले शासन प्रणालीलाई अस्थिर बनायो। जनताको जीवनमा प्रत्यक्ष असर पर्ने मुद्दाहरू भने पछाडि पर्दै गए।

तीन दशकको अवधिमा देशले धेरै सरकारहरू देख्यो। प्रधानमन्त्रीहरू फेरिए, गठबन्धन फेरिए, तर आम नागरिकको जीवनमा ठूलो परिवर्तन देखिएन भन्ने गुनासो व्यापक हुँदै गयो। विकासका योजनाहरू कागजमै सीमित हुने, भ्रष्टाचारका आरोपहरू बारम्बार उठ्ने, र राज्यका निकायहरू राजनीतिक प्रभावमा परेको आरोप लागिरहने अवस्थाले नागरिकमा निराशा बढाउँदै लग्यो।

यही निराशाले समाजमा एउटा मौन असन्तोष सिर्जना गरिरहेको थियो। त्यो असन्तोष लामो समयसम्म बाहिर प्रकट नहुन सक्छ, तर एक दिन त्यो राजनीतिक परिवर्तनको रूपमा प्रकट हुन्छ। इतिहासले देखाएको छ–जब जनताको धैर्यको सीमा पार हुन्छ, तब परिवर्तन अवश्य हुन्छ।

आज देखिएको राजनीतिक परिदृश्यलाई पनि यही सन्दर्भमा बुझ्नुपर्छ। यो अचानक भएको घटना होइन। यो वर्षौंदेखि जम्दै आएको असन्तोषको परिणाम हो। नागरिकहरूले आफ्ना मतमार्फत एउटा सन्देश दिएका छन्–राजनीति अब पुरानै ढर्रामा चल्न सक्दैन।

लामो समयसम्म सत्ता र शक्ति आफ्नो वरिपरि केन्द्रित राख्ने दलहरूमा एउटा समस्या देखिन्छ– आत्मसन्तुष्टि। जब नेतृत्वलाई लाग्न थाल्छ कि जनताको समर्थन स्थायी रूपमा आफ्नो पक्षमा छ, तब उनीहरू जनभावनाबाट टाढा हुन थाल्छन्।

राजनीतिमा अहंकार सबैभन्दा ठूलो कमजोरी हो। नेतृत्वले आफूलाई आलोचनाभन्दा माथि राख्न थाल्यो भने त्यहाँबाट समस्याहरू सुरु हुन्छन्। नागरिकका गुनासा सुन्ने क्षमता घट्दै जान्छ। आलोचनालाई सुधारको अवसरका रूपमा हेर्नुको सट्टा विरोधको रूपमा बुझ्न थालिन्छ।

यस्तो अवस्थामा नेतृत्व र जनताको बीचमा दूरी बढ्दै जान्छ। त्यो दूरी एक दिन चुनावी परिणाममा प्रकट हुन्छ।

नेपालको राजनीतिक दलहरूमा अर्को ठूलो समस्या भनेको आन्तरिक विवाद हो। गुटबन्दी, नेतृत्वको प्रतिस्पर्धा, टिकट वितरणमा देखिने विवाद, र व्यक्तिगत महत्वाकांक्षाले संगठनलाई कमजोर बनाउँछ। जब पार्टीभित्र नै विश्वासको संकट उत्पन्न हुन्छ, तब त्यो संकट बाहिर पनि देखिन थाल्छ।

कतिपय अवस्थामा पार्टीका नेताहरू आपसमा यति धेरै विवादमा फस्छन् कि जनताको मुद्दा नै ओझेलमा पर्छ। राजनीतिमा यस्तो अवस्था लामो समय टिक्न सक्दैन। नागरिकहरूले अन्ततः विकल्प खोज्न थाल्छन्।

> आजको समाजमा सूचना प्रविधिको प्रभाव अत्यन्त ठूलो छ। सामाजिक सञ्जालले नागरिकलाई आफ्नो आवाज व्यक्त गर्ने नयाँ माध्यम दिएको छ। पहिले जनमत निर्माण गर्न धेरै समय लाग्थ्यो, तर अहिले एउटा घटना वा अभिव्यक्तिले केही घण्टामै देशव्यापी बहस सिर्जना गर्न सक्छ।

आजको समाजमा सूचना प्रविधिको प्रभाव अत्यन्त ठूलो छ। सामाजिक सञ्जालले नागरिकलाई आफ्नो आवाज व्यक्त गर्ने नयाँ माध्यम दिएको छ। पहिले जनमत निर्माण गर्न धेरै समय लाग्थ्यो, तर अहिले एउटा घटना वा अभिव्यक्तिले केही घण्टामै देशव्यापी बहस सिर्जना गर्न सक्छ।

यसले राजनीतिमा पारदर्शिताको आवश्यकता अझ बढाएको छ। नेताहरूको व्यवहार, निर्णय, र अभिव्यक्ति अब तुरुन्तै सार्वजनिक बहसको विषय बन्न सक्छ। त्यसैले राजनीतिमा जिम्मेवारी र संवेदनशीलता झन् आवश्यक भएको छ।

यसैबीच, युवापुस्तामा परिवर्तनको चाहना तीव्र रूपमा बढेको देखिन्छ। उनीहरू पुराना राजनीतिक भाष्यभन्दा फरक सोच चाहन्छन्। पारदर्शिता, उत्तरदायित्व, र परिणाममुखी शासनप्रति उनीहरूको अपेक्षा बढी छ।

नेपालबाट ठूलो संख्यामा युवाहरू विदेश गइरहेको वास्तविकता पनि यही असन्तोषसँग जोडिएको छ। रोजगारीको अभाव, अवसरको कमी, र भविष्यप्रतिको अनिश्चितताले युवाहरूलाई देश छोड्न बाध्य बनाइरहेको छ। जब युवापुस्ताले आफ्नै देशमा सम्भावना देख्न छोड्छ, त्यो राज्यका लागि गम्भीर चेतावनी हो।

नयाँ राजनीतिक शक्तिहरूको उदय पनि यही सन्दर्भमा बुझ्नुपर्छ। जब पुराना दलहरूले जनताको अपेक्षा पूरा गर्न सक्दैनन्, तब समाजले नयाँ विकल्प खोज्छ। नयाँ पार्टीहरू, नयाँ नेतृत्व, र नयाँ भाष्यले त्यही खाली स्थान भर्न खोज्छन्।

तर नयाँ शक्ति आउनु मात्र पर्याप्त हुँदैन। वास्तविक चुनौती भनेको विश्वासलाई कायम राख्नु हो। जनताले परिवर्तनको आशामा समर्थन दिएका हुन्छन्। यदि त्यो आशा पूरा हुन सकेन भने निराशा अझ गहिरो हुन सक्छ।

त्यसैले नयाँ नेतृत्वका लागि जिम्मेवारी झन् ठूलो हुन्छ। उनीहरूले पारदर्शिता, इमानदारी, र प्रभावकारी शासनमार्फत आफूलाई फरक सावित गर्नुपर्छ।

लोकतन्त्रमा हार र जीत दुवै स्वाभाविक प्रक्रिया हुन्। कुनै पनि दल सधैं सत्तामा रहन सक्दैन, र कुनै पनि दल सधैं प्रतिपक्षमा रहिरहनुपर्ने छैन। राजनीतिक शक्तिको उतार-चढाव लोकतान्त्रिक प्रणालीको स्वाभाविक विशेषता हो।

तर हारलाई कसरी लिने भन्ने कुरा महत्वपूर्ण हुन्छ। यदि हारलाई केवल अपमानको रूपमा लिइयो भने त्यसबाट कुनै सुधार सम्भव हुँदैन। तर यदि हारलाई आत्मसमीक्षाको अवसरका रूपमा लिइयो भने त्यो भविष्यका लागि उपयोगी बन्न सक्छ।

पुराना दलहरूका लागि अहिलेको समय आत्मसमीक्षाको समय हो। विगतका निर्णयहरू, नीतिहरू, र व्यवहारको गम्भीर समीक्षा आवश्यक छ। संगठनलाई पुनःसंगठित गर्नुपर्ने आवश्यकता देखिएको छ।

सबैभन्दा महत्वपूर्ण कुरा भनेको नयाँ पुस्तालाई अवसर दिनु हो। राजनीति केवल केही व्यक्तिहरूको वरिपरि केन्द्रित रहँदा संगठन कमजोर हुन्छ। नयाँ नेतृत्वलाई अघि ल्याएर मात्र संगठनलाई जीवित राख्न सकिन्छ।

राजनीतिमा सम्मान र सहकार्यको संस्कृति पनि अत्यन्त आवश्यक छ। असहमति लोकतन्त्रको स्वाभाविक हिस्सा हो, तर असहमति व्यक्तिगत शत्रुतामा परिणत हुनु हुँदैन।

नेपाल जस्तो विविधता भएको देशमा सबै राजनीतिक शक्तिहरूको भूमिका महत्वपूर्ण हुन्छ। राष्ट्रिय हितका विषयहरूमा सहकार्य आवश्यक हुन्छ। विकास, शिक्षा, स्वास्थ्य, र आर्थिक समृद्धि जस्ता मुद्दामा दलहरूबीच सहमति बन्न सक्नुपर्छ।

आजको राजनीतिक परिस्थितिले एउटा महत्वपूर्ण सन्देश दिएको छ–जनता नै लोकतन्त्रको अन्तिम निर्णायक शक्ति हुन्। जब जनताको आवाजलाई बेवास्ता गरिन्छ, तब उनीहरूले आफ्नो मतमार्फत जवाफ दिन्छन्।

त्यसैले आज देखिएको परिणामलाई केवल कसैको हार वा कसैको जीतको रूपमा मात्र हेर्नु उचित हुँदैन। यो लोकतान्त्रिक प्रक्रियाको एउटा चरण हो। यसले सबैलाई एउटा स्पष्ट सन्देश दिएको छ–राजनीति जनताको विश्वासमा टिकेको हुन्छ।

यदि त्यो विश्वास कमजोर भयो भने ठूलो शक्ति पनि कमजोर हुन सक्छ।

नेपालको भविष्य अझै सम्भावनाले भरिएको छ। देशसँग युवा जनसंख्या छ, प्राकृतिक स्रोतहरू छन्, र परिवर्तन चाहने समाज छ। यदि राजनीतिक नेतृत्वले जिम्मेवारीपूर्वक काम गऱ्यो भने देशलाई सकारात्मक दिशातर्फ लैजान सकिन्छ।

आज आवश्यक कुरा भनेको दोषारोपण होइन, सुधारको प्रतिबद्धता हो। राजनीति सेवा र जिम्मेवारीको माध्यम बन्न सक्यो भने मात्र जनताको विश्वास पुनःस्थापित हुन सक्छ।

अन्ततः लोकतन्त्रको सार यही हो–जनताको इच्छा सर्वोपरि हुन्छ। जब नागरिक सचेत हुन्छन् र आफ्नो अधिकार प्रयोग गर्छन्, तब देशको राजनीतिक दिशा पनि परिवर्तन हुन्छ।

यस अर्थमा हेर्दा आजको परिस्थिति कुनै एक दल वा व्यक्तिको मात्र हार होइन। यो लोकतान्त्रिक चेतनाको संकेत पनि हुन सक्छ। यदि सबै राजनीतिक शक्तिहरूले यसबाट पाठ सिके भने भविष्यमा नेपालको राजनीति अझ परिपक्व, उत्तरदायी र जनमुखी बन्न सक्छ।

त्यसैले अहिले आवश्यक कुरा भनेको एक-अर्कालाई दोष दिने होइन, जनताको सन्देशलाई बुझ्ने हो। जनताले दिएको संकेतलाई सही रूपमा ग्रहण गर्न सकियो भने यही क्षण नेपालका लागि नयाँ राजनीतिक अध्यायको सुरुवात बन्न सक्छ।तर, केवल नेतृत्व र दलहरूको आन्तरिक संरचनामा सुधार गर्नु पर्याप्त हुँदैन। प्रणालीगत सुधार पनि आवश्यक छ। निर्वाचन प्रक्रिया, प्रशासनिक पारदर्शिता, न्यायिक स्वतन्त्रता, र सार्वजनिक नीति कार्यान्वयनमा द्रुतता र प्रभावकारिता जस्ता पक्षहरूमा सुधार हुनु अनिवार्य छ। जबसम्म राजनीतिक नेतृत्वले यी क्षेत्रहरूमा ध्यान दिँदैन, तबसम्म जनताको जीवनमा वास्तविक परिवर्तन देखिन गाह्रो हुनेछ।

शिक्षा र युवा सशक्तिकरण पनि राजनीति र समाजको दिगो विकासको आधार हुन्। आजको युवापुस्ताले सूचना र विश्वव्यापी दृष्टिकोण राख्छ। उनीहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउने, नीति निर्माणमा सुझाव लिनु, र उनीहरूको नेतृत्व क्षमता विकास गर्नु देशको दीर्घकालीन स्थायित्वका लागि महत्त्वपूर्ण छ।

त्यस्तै गरी, नेपालमा सामाजिक समानता, क्षेत्रीय समृद्धि, र अवसरको समान वितरण सुनिश्चित गर्नुपर्ने आवश्यकता छ। केवल राजधानी वा सहरमा केन्द्रित विकासले देशको वास्तविक क्षमता विकास गर्न सक्दैन। गाउँ र ग्रामीण क्षेत्रका नागरिकहरूको जीवनस्तर उकास्न र उनीहरूलाई देशको मुख्यधारामा ल्याउन समावेशी नीति आवश्यक छ।

साथै, राजनीतिक संस्कारलाई नयाँ ढाँचामा लैजानु पनि आवश्यक छ। असहमति र विरोध केवल नकारात्मक होइन, बरु सुधार र संवादको माध्यम हुनुपर्छ। नेताहरूले व्यक्तिगत अहंकार र सत्ता संरक्षणको राजनीति परित्याग गरी साझा लक्ष्यमा केन्द्रित हुनु पर्छ। यसरी मात्र राष्ट्रिय हितलाई प्राथमिकता दिइएको लोकतान्त्रिक वातावरण सिर्जना गर्न सकिन्छ।

अन्ततः, नेपालको राजनीति एक चरणगत यात्रा हो–जहाँ विगतका त्रुटिहरूबाट सिकेर भविष्य निर्माण गर्न सकिन्छ। आजको असन्तोष र परिवर्तनको संकेतले जनतालाई मात्र होइन, नेताहरूलाई पनि सचेत गराएको छ। यदि सबै राजनीतिक शक्ति आफ्ना कर्तव्य प्रति उत्तरदायी रहन सक्छन्, पारदर्शिता कायम राख्छन्, र जनताको अपेक्षा पूरा गर्ने दिशामा काम गर्छन् भने नेपालले स्थायी लोकतन्त्र र दिगो विकासको मार्ग अवलम्बन गर्न सक्छ।

त्यसैले, यो समय आलोचना र दोषारोपणभन्दा बढी, सुधार, उत्तरदायित्व, र साझा प्रयासको हो। जनताको आवाजलाई आत्मसात गर्दै अघि बढ्नु नै नेपालका लागि नयाँ राजनीतिक अध्यायको सुरुवात हुनेछ।

# विचारहीनताको बाटो हिँडेको कम्युनिस्ट आन्दोलनको पुनर्गठनको मार्गचित्र



डा. आरसी लामिछाने

एउटा समय थियो, नेपाली जनताको छातीमा वामपन्थी विचार मुटुको धड्कन जस्तै थियो। पुष्पलालले कलकत्तामा साम्यवादको जग बसाल्दा त्यो विचार मात्र थिएन, त्यो एउटा मुक्तिको आन्दोलन थियो। तीसको दशकको अन्त्यदेखि नै म र मजस्ता लाखौँको बालमस्तिष्कमा कम्युनिस्टको गहिरो छाप गडेको थियो ।

पटक-पटक कम्युनिस्ट नेताहरूले कम्युनिस्ट आन्दोलन र सर्वहारा, श्रमिक, शोषित-पीडित र राष्ट्रिय पुँजीपति वर्गको विरुद्ध शृत्त लाबद्ध गरेका हजारौं कुकृत्यहरूका बाबजुद पनि कम्युनिस्टहरू नै यो समाजको रूपान्तरणका संवाहक हुन् जस्तो लाग्दथ्यो । २०१५ सालको आम निर्वाचनदेखि लिएर २०७४ सालको ऐतिहासिक जनादेशसम्म, नेपाली जनताले कम्युनिस्ट पार्टीहरूलाई पटक-पटक शासन सत्ता सम्हाल्ने अवसर दिए। तर जतिसुकै राम्रो खास्टोले बिरालोलाई छोपे पनि बिरालो म्याउँ गर्दछ भनेझैं बारम्बार अवसर पाउँदा पनि त्यो सिङ्गो शक्ति केही तस्कर, भ्रष्टाचारी र गुटका आसेपासेलाई मात्रै संरक्षण गर्ने अति असक्षम, अयोग्य, अहङ्कारी, आडम्बरी र गैरजिम्मेवार नेतृत्वको कारण देशैभरि कम्युनिस्ट जनमत हुँदाहुँदै पनि २०८२ को मध्यावधि निर्वाचनमा जनताले वामपन्थी आन्दोलनलाई ऐतिहासिक रूपमा बहिष्कार गर्दै नवोदित नवउदारवादी प्रजातान्त्रिक (सैद्धान्तिक धार प्रस्ट हुन बाँकी रहेको) शक्तिलाई सत्तामा पुऱ्याएका छन् ।

कम्युनिस्ट चेत गुमाइसकेका र कम्युनिस्टको नाममा देश र जनतालाई अनवरत लुटिरहेका कलङ्कित, असक्षम र पदलोलुप कायर कम्युनिस्ट नेतृत्व र यसका आसेपासेहरू यसलाई लोकप्रियतावाद र विदेशीको चलखेलको नाममा आफ्ना काला कर्तुत र असक्षमता ढाक्न प्रयास गर्दैछन् तर यिनीहरूले जति नाटक रचे पनि कथित अनुभवी भनिएका कम्युनिस्ट नेताहरूको नक्कली चरित्र निश्चित रूपमा उदाङ्गिनेछ र इमानदार नेताको नेतृत्वमा फेरि कम्युनिस्ट आन्दोलन सङ्गठित हुन सक्ने सम्भावना उजागर हुनेछ । नेपालमा फेरि पनि कम्युनिस्टहरू किन फस्टाउनेछन् भने नेपालको विविधता, गरिबी, र सामाजिक न्यायको लागि समाजवादी आर्थिक विकासको मोडल नै यो देशको सामाजिक न्याय प्रवर्द्धन गर्ने अचुक मन्त्र हो ।

स्मरण रहोस्– हालको यो परिवर्तन आकस्मिक थिएन, यो वर्षौंको वैचारिक भ्रष्टाचार, नेतृत्वको पतन र क्रान्तिकारी कार्यक्रमको शून्यताको परिणाम हो। यद्यपि, यो पराजय वामपन्थी विचारको मृत्युको बदला वामपन्थी पुनर्जन्मको अवसर पनि हुन सक्दछ। तर त्यसका लागि वामपन्थी भनिने पार्टीहरूमा बचेखुचेका क्रान्तिकारी कार्यकर्ताहरूले वर्तमान नेतृत्वको चिरफार गर्नैपर्दछ र नयाँ नेतृत्व विकास गर्नैपर्दछ ।

### विचारको मृत्यु : पहिलो महाअपराध

नेपाली कम्युनिस्ट आन्दोलनको सबैभन्दा ठूलो पतनको कारण भनेको नै वैचारिक स्पष्टताको पूर्ण विलय हुनु हो । संसारभरि कम्युनिस्ट विचार सङ्कटमा परेको बेलामा मदन भण्डारीले जनताको बहुदलीय जनवादको विचार प्रतिपादन गरेर कम्युनिस्ट आन्दोलनलाई गति दिनुभएको थियो भने माओवादी खेमाका प्रचण्ड तथा मोहन वैद्यहरूले २१औँ शताब्दीको जनवादको कुरा गरेर क्रान्तिको लागि ऊर्जा सङ्कलन गर्दै जनयुद्धसमेत गर्नुभयो तर विडम्बना सरकारमा पुगेपछि यी सबै सिद्धान्तहरू सत्ता प्राप्ति, तस्कर र भ्रष्टाचारीहरूलाई संरक्षण गर्ने गठबन्धनको राजनीतिमा विलय भए।

जब कम्युनिस्ट पार्टीको प्राथमिकता किसान र मजदुरको मुक्तिभन्दा पनि बेलायत र अमेरिकासँगको सम्बन्ध सुमधुर बनाउनमा केन्द्रित हुन थाल्यो, एमसीसी, एसपीपी, महाकाली सन्धि जस्ता कुराहरूमा ध्यान जान थाल्यो, गैससका मार्गचित्रमा पार्टीका नीतिहरू महाधिवेशनबाट पारित हुन थाले, जब पार्टीको आधिकारिक अङ्गले मार्क्सवादभन्दा पनि ग्लोबलाइजेसनको प्रशंसा गर्न थाल्यो, त्यहीँबाट वामपन्थी आन्दोलनले आफ्नो आत्मा गुमायो। कस्तो विडम्बना भने जनताको बहुदलीय जनवादको आवरणमा बनेको दुईतिहाइको शक्तिशाली सरकार नवउदारवादको प्रवक्ता बनेर एमसीसी जस्तो राष्ट्रघाती परियोजना संसद् बाट पारित गराउनुपर्दछ भन्दै वकालत गर्न थाल्यो । केपी ओली नेतृत्वको एमाले होस् वा प्रचण्ड नेतृत्वको माओवादी विचारविहीन भिडमा रूपान्तरण भयो । सङ्घ, प्रदेश र स्थानीय सरकारमा बलियो उपस्थिति हुँदाहुँदै पनि कुनै पनि तहका सरकारहरूका नीति, कार्यक्रम र व्यवहारमा जनताको बहुदलीय जनवाद वा एक्काइसौँ शताब्दीको जनवादको गन्धसमेत आएन ।

यस्ता विचारविहीन पार्टीहरूको नेतृत्वमा भएका सरकारहरूले सिङ्गो देशलाई निराश बनाए । विचारहीन वामपन्थ भनेको त केवल एउटा चुनावी लेबल मात्र हो, जसले जनतालाई केही दिन सक्दैन र नेपालमा पनि त्यस्तै भयो । २०७४ पछिको दुईतिहाइ बहुमतको सरकारले न त भूमिसुधार लागु गर्न सक्यो, न राष्ट्रिय पुँजीको निर्माण गर्ने नीति तथा कार्यक्रम ल्याउन सक्यो न त शिक्षा र स्वास्थ्यलाई राष्ट्रियकरण गर्न नै सक्यो । उल्टै शक्तिशाली प्रधानमन्त्री एकदम महँगा निजी अस्पतालहरू र निजी कलेजहरू उद्घाटन गर्दै हिँड्न थाले । सर्वहारा वर्ग र गरिबहरूलाई यति उपहास गरे कि देशमा लाखौँ बालबालिकाहरू अध्ययन गर्ने सरकारी विद्यालय र कलेजहरूमा न्यूनतम सुविधाहरू छैनन् तर कम्युनिस्ट सरकार अर्बौंको जलहरी बनाएर क्रान्तिकारी छवि भएको दाबी गर्दछ त्यो भन्दा दक्षिणपन्थी विचार के हुन सक्दछ ? मौका पाउँदा सबै कम्युनिस्ट सरकारहरू नै अन्तर्राष्ट्रिय पुँजीवादी एजेन्डा बेच्ने ठेकेदार बने । नेपाललाई निर्बाध विदेशी उत्पादनको बजार र नेपालीहरूलाई उपभोक्ता बनाउने होडमा सरकार सञ्चालन गरे ।

बिचरा कम्युनिस्ट सरकारहरू ! केही वितरणमुखी काम गरेर आफू निकै विकासप्रेमी भएको भ्रम छर्न प्रयास त गरे तर चेतनशील जनताहरूले तिनको दाबीलाई खारेज गरिदिए । आफूलाई कथित राष्ट्रवादी हौँ भने तर दैनिक हजारौँ युवाहरूले सामान्य रोजगारीको लागि देश छोड्नुपर्ने बाध्यतालाई रहरले विदेश गएका भन्ने भद्दा मजाक गरिरहे । उनीहरूले नेपाली समाज र युवाहरूमाथि घृणित तरिकाले मजाक गर्दा पनि त्यो वर्गले हामीलाई नै भोट हाल्दछ भन्ने दिवास्वप्न भने देखिनै रहे ।

### नेतृत्वको दक्षिणपन्थीकरण : दोस्रो महाअपराध

नेपाली कम्युनिस्ट आन्दोलनको अर्को गम्भीर रोग भनेको नेतृत्वको चरम दक्षिणपन्थी प्रवृत्ति हो । अहिलेका कम्युनिस्ट पार्टीहरूको नेतृत्व फेजआउट र आउटडेटेड भइसक्यो । यिनै नेताहरूको यस्तै नेतृत्व क्षमता र नेतृत्व शैलीले आगामी दिनमा कम्युनिस्ट पार्टी चलाउन सक्दैनन्। अहिलेका कम्युनिस्ट पार्टीहरूको नेतृत्वले जबजब सत्ता प्राप्त गरे तब उनीहरूको प्रतिस्पर्धा नै को बढी दक्षिणपन्थी र नवउदारवादी बन्ने भन्नेमा थियो । सत्ता बाहिर बस्दा नागरिक विधेयक राष्ट्रविरोधी देख्दछन् सत्तामा पुगेपछि अध्यादेश ल्याएर पारित गर्दछन् । सत्ता बाहिर हुँदा काङ्ग्रेसले देशको कलकारखाना बेच्यो भन्दछन् सत्तामा पुगेपछि निजीकरण गर्ने प्रस्ताव पारित गर्दछन् र बन्द भएका कुनै पनि कलकारखाना चलाउन पहल गर्दैनन् ।

दुनियाँमा कम्युनिस्टहरू सत्तामा पुग्दा कत्रो क्षति भएको छ तर नेपालमा जनताको मतद्वारा सर्वाधिक शक्तिशाली पार्टी बन्दा पनि नेतृत्वको पदको लोभ र अहङ्कारले गर्दा कम्युनिस्ट आन्दोलन नै क्षतविक्षत भयो । हजारौँको कोख रित्तिएर, सिउँदो उजाडिएर, घरबारविहीन भएर, जवानीको कुर्बानी दिएर उठेको आन्दोलनलाई सीमित व्यक्तिको अहङ्कार र पदलोलुपताले तहसनहस बनायो । यसरी कम्युनिस्ट आन्दोलनप्रति गद्दारी गर्नेहरूलाई स्वयम् कम्युनिस्ट कार्यकर्ताहरू र समर्थकहरूले क्षमा गर्लान् ? सर्वहारा वर्गको उत्थान र सामाजिक न्यायसहितको समाजवादी व्यवस्थाको भ्रूणलाई निमोठ्ने गद्दारहरूलाई इतिहासले क्षमा गर्ला ? के कम्युनिस्ट पार्टीभित्र फेरि कम्युनिस्ट आन्दोलनलाई पुनर्गठित गर्न सक्ने नेतृत्वको सम्भावना छैन होला र ? यिनै प्रश्नहरूको उत्तरमा कम्युनिस्ट पार्टीको भविष्य निर्भर रहनेछ ।

प्रचण्ड, जसले एक समय सामन्तवाद र साम्राज्यवादविरुद्ध जनयुद्धको नेतृत्व गरेका थिए तर सत्ता साझेदार भएपछि व्याख्यात्मक टिप्पणीको नाममा एमसीसी पारित गरेको नेपाली जनताले कहिल्यै बिर्सन सक्दैनन् । केपी ओली, जो आफूलाई मार्क्सवादी र कम्युनिस्ट ठान्दछन् तर उनले नै राष्ट्रिय कलकारखानाहरू बेच्ने नीति पास गर्दछन् । कथित राष्ट्रवादको वकालत गरेको स्वाङ गर्दछन् तर सत्ता टिकाउन नागरिक विधेयक अध्यादेशबाट ल्याउँदछन्, धन्न अदालतले खारेज गरिदियो । समाजवाद र उन्नत समाजको कुरा त गर्दछन् तर भुटानी शरणार्थीका अपराधीहरू, वाइडबडी, यती, ओम्नी, भिजिट भिसाका दोषीहरूलाई संरक्षण गर्न सिङ्गो पार्टी र सरकारको सामर्थ्य लगाउँदछन् । कम्युनिस्ट नेतृत्वको यस्तै दक्षिणपन्थीकरणले कम्युनिस्ट कार्यकर्ताको मनोबल भताभुङ्ग बनायो। देशैभरि कम्युनिस्ट जनमत हुँदाहुँदै पनि असक्षम नेतृत्वको कारण दिनप्रतिदिन कम्युनिस्टहरूको शक्ति तथा क्रान्तिकारीपन क्षीण हुँदै गएको छ ।

### स्थानीय र प्रदेश सरकारहरू दृष्टिकोणविहीन : अवसरको हत्या

वामपन्थी आन्दोलनको तेस्रो र सबैभन्दा दयनीय पक्ष भनेको नै स्थानीय र प्रदेश सरकारहरूको निष्क्रियता हो । संविधानले स्थानीय तहलाई ठूलो अधिकार दिएको छ। किसानलाई मल, बीउ र सिँचाइको व्यवस्था गर्ने अधिकार स्थानीय सरकारसँग छ। विद्यालयको पाठ्यक्रमदेखि स्थानीय बजारको नियमनसम्म स्थानीय सरकारले गर्न सक्दछ। तर, प्रदेश र स्थानीय तहको नेतृत्वमा रहेका वामपन्थी सरकारहरूले के गरे? के उनीहरूले लाल सहर वा सामूहिक खेती प्रणाली, वा सामूहिक उत्पादनको मोडल विकास गरे? स्थानीय स्तरमा शैक्षिक गुणस्तर, ज्ञानमा आधारित अर्थतन्त्र, उत्पादन सम्बन्धको फेरबदल, सर्वहारा र श्रमिक वर्गहरूको लागि नयाँ-नयाँ अवसरहरू केही सिर्जना गर्न सके ? यस्तो केही भएन । न उत्पादन पद्धतिको विकास, न राष्ट्रिय पुँजीको निर्माण, भयो त केवल बकवासपूर्ण भाषण र झुटा आश्वासन र दाबी मात्रै।

उनीहरूले के गरे भने, केन्द्र सरकारकै जस्तो फाइल घुमाउने काम मात्रै गरिरहे । भौतिक पूर्वाधारहरू केही विकास गरेका पालिकामा पनि आम जनताको मन जित्ने भन्दा पनि आफ्नै मानिसहरूलाई बारम्बार ठेक्का दिने जस्ता आरोपहरू उनीहरूमाथि लाग्ने गरेको छ । गाउँपालिका वा नगरपालिका अध्यक्षले कम्युनिस्ट भएर के गरे भन्दा पनि, काङ्ग्रेसी अध्यक्षले जस्तै सडक कालोपत्रे र बत्ती जडान गर्ने काम मात्रै गरिरहेका छन् ।

जब कम्युनिस्ट पार्टीका जनप्रतिनिधिहरू काङ्ग्रेस र राप्रपाका जनप्रतिनिधिभन्दा फरक नभएको जनताले महसुस गरे तब जनताले उनीहरूलाई फाल्न किन पो ढिलाइ गर्थे र ? कम्युनिस्टहरूलाई मूलप्रवाहबाट हटाउने प्रक्रियाको सुरुवात नै २०८२ को पराजयको मुख्य कारण हो। स्मरण रहोस्, तीव्र विकासको मार्गमा अगाडि बढिरहेका संसारका धेरै देशहरूको कथा नेपाली जनताहरूले नजिकबाट हेरिरहेको अवस्थामा उखानटुक्का र निकृष्ट भाषणहरूलाई जनताले तिरस्कार गरेका छन् ।

के कम्युनिस्ट आन्दोलनको पुनर्जन्म सम्भव छ ? एउटा क्रान्तिकारी खाका

यदि नेपालमा वास्तविक कम्युनिस्ट पार्टी बनाउने हो र वामपन्थी आन्दोलनलाई पुनर्जीवित गर्ने हो भने, केही ठोस र क्रान्तिकारी कदम चाल्नैपर्दछ, अन्यथा आगामी दिनमा कम्युनिस्ट पार्टीको नाममा केही बाँकी रहनेछैन, रहनेछ त केवल एउटा चुनावी लेबल मात्र।

# अब राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बीमा सेवा




काठमाण्डु । राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बीमा सेवा उपलब्ध हुने भएको छ । स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा कृष्णप्रसाद पौडेल र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक नमराज घिमिरेबीच आज राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बीमा सेवा प्रवाह गर्ने विषयमा समझदारीपत्रमा हस्ताक्षर भएको हो।

बोर्डका सूचना अधिकारी विकेश मल्लले समझदारीअनुसार राष्ट्रिय परिचयपत्र नम्बरमार्फत नागरिकको पहिचान डिजिटल रूपमा प्रमाणीकरण गरी स्वास्थ्य बीमा प्रणालीलाई अझ सुरक्षित, छिटो, विश्वसनीय बनाइने बाउनुभयो।

"अहिलेको सम्झौताअनुसार बोर्ड र विभागको तथ्याङ्कलाई एकीकृत गर्नेछौँ", उहाँले भन्नुभयो, "त्यसपछि हामीले राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बीमा सेवा प्रवाह गर्नेछौँ।" उहाँले आगामी चैत २५ गतेदेखि राष्ट्रिय परिचयपत्रका आधारका दर्ता र नवीकरण हुने बताउनुभयो।

स्वास्थ्य बीमा बोर्डमा अहिले एक करोड दुई लाख विमित आबद्ध रहेका छन्। अहिले नागरिकता र चालक अनुमतिपत्रका आधारमा स्वास्थ्य बीमा गर्ने गरिएको छ।रासस

# नेपालको विकास र समृद्धिमा सक्रिय रूपमा सहभागी हुन प्रधानमन्त्री कार्कीको आह्वान



काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले वैदेशिक लगानीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्ने र गैरआवासीय नेपालीहरूको पुँजीलाई सुरक्षित र पारदर्शी रूपमा परिचालन गर्ने नीति सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ । त्यसका लागि दीर्घकालीन लगानी संरचना निर्माण गर्ने सरकारको नीति रहेको उहाँको भनाइ थियो ।

काठमाडौँमा आयोजित गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)को १२औँ महाधिवेशन तथा विश्व सम्मेलनको समापन समारोहमा आज प्रधानमन्त्री कार्कीले विश्वभर फैलिएका नेपालीहरू नेपालको सद्भावना दूत रहेको उल्लेख गर्दै उहाँहरूको योगदानको प्रशंसा गर्नुभयो । उहाँले गैरआवासीय नेपालीहरूलाई नेपालको विकास र समृद्धिको यात्रामा सक्रिय रूपमा सहभागी हुन आह्वान गर्दै विदेशमा सिकेको ज्ञान, सीप, अनुभव र पुँजीलाई मातृभूमिको विकासमा उपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रधानमन्त्री कार्कीले हालै सम्पन्न महाधिवेशनबाट सङ्गठनभित्र देखिएको विभाजन अन्त्य भई एउटै मञ्चमा एकता कायम हुनु सकारात्मक भएको बताउनुभयो। उहाँले एकता र सहकार्यबाट मात्रै विश्वभर रहेका नेपालीहरूको साझा भावना बलियो बन्ने धारणा राख्नुभयो । नेपालको संविधानले गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसहितको नागरिकताको व्यवस्था गरेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले यसले प्रवासी नेपाली र मातृभूमिबीचको सम्बन्ध अझ सुदृढ बनाएको बताउनुभयो ।

नवनिर्वाचित अध्यक्ष डा हेमराज शर्मासहित सङ्घको नयाँ कार्यसमितिलाई सफल कार्यकालको शुभकामना दिँदै उहाँले गैरआवासीय नेपालीहरूको योगदान आर्थिक मात्र नभई सामाजिक पुँजी निर्माणमा पनि महत्त्वपूर्ण हुने बताउनुभयो ।रासस

## Aurahi Rural Municipality
## Deuri Parwaha, Dhanusha
## Madhesh Province, Nepal
## INVITATION FOR ONLINE BIDS

**Date of publication: 17-03-2026**

Aurahi Rural Municipality, Office of the Rural Municipal Executive, Deuri Parwaha, Dhanusha invites following electronic bid from eligible Nepalese bidders under National Competitive Bidding ( NCB/SQ). Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.

| S. N | Contract ID No. and Description | Bid Document Price (Non Refundable) | Last Date and Time of Bid Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Amount Nrs. | Validity Period |
| 1 | 05/NCB/WORKS/ARM/082/83 Construction of Two Storey Four Room Building Works at Kaptaul School | Nrs. 3000 | 16/04/ 2026 (Within 12:00 hrs) | 16/04/ 2026 At 13:00 hrs | 90 days From the last date of bid submission | Rs 177500/- | 30 days beyond the validity period of the bid |
| 2 | 06/NCB/WORKS/ARM/082/83 Construction of Shutter at Deuri Bajar | Nrs. 3000 | 16/04/ 2026 (Within 12:00 hrs) | 16/04/ 2026 At 13:00 hrs | 90 days From the last date of bid submission | Rs 62500.00 | 30 days beyond the validity period of the bid |
| 3 | 07/SQ/WORKS/ARM/082/83 Electrification works with Transformer Installation | Nrs. 1000 | 01/04/ 2026 (Within 12:00 hrs) | 01/04/ 2026 At 13:00 hrs | 45 days From the last date of bid submission | Rs 29000/- | 30 days beyond the validity period of the bid |

**Chief Administration Officier**

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय क्षिरेश्वर, महेन्द्रनगरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/१२/०३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/०८/१७ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

१. धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहि नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३ साल मंसिर महिना २६ गते दर्ता नं. १५९८९८/०७३/०७४ तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०७३/०९/०६ मा स्थायी लेखा नम्बर (PAN) ६०४३६५७९० अन्तर्गत दर्ता कायम भएको **एन.के. फुड एण्ड बेभरेज ईन्डष्ट्रिज प्रा.लि.** ।

**ऋणी तथा ऋणी १ को व्यक्तिगत जमानतकर्ताको विवरण**

२. रामबाबु साह कलवारको बुहारी, रंजित कुमार साहको पत्नी, धनुषा जिल्ला, साविक जनकपुर न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७ बस्ने **सन्ध्या साह** (ना.प्र.नं. १७११०२/८८२८, जारि मिति २०७०/०४/०८, जि.प्र.का. धनुषा) ।

**ऋणी १ र २ को लागि संयूक्त व्यक्तिगत जमानतकर्ताको विवरण**

१. शिवजी साह कलवारको नाति, राम बाबु साह कलवारको छोरा, धनुषा जिल्ला, साविक जनकपुर गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७ बस्ने **रंजित कुमार साह** (ना.प्र.नं. १७११०२/७, जारि मिति २०६४/०४/२१, जि.प्र.का. धनुषा) ।

२. शिवजी साह कलवारको नाति, राम बाबु साह कलवारको छोरा, धनुषा जिल्ला, साविक जनकपुर न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७ बस्ने **संजीत साह** (ना.प्र.नं. १७११०२/९८५४, जारि मिति २०७१/०१/०९, जि.प्र.का. धनुषा) ।

३. विक्रु साहको नाति, शिवजी साह कलवारको छोरा, धनुषा जिल्ला, साविक जनकपुरधाम गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ७ बस्ने **राम बाबु साह कलवार** (ना.प्र.नं. ३९६९२६१६, जारि मिति २०५०/१०/२१, जि.प्र.का. धनुषा) ।

**धितोको विवरण**

१. **ऋणी १ को पक्षमा रोक्का रही ऋणी २ को पक्षमा दोहोरो धितोबन्धकी कायम रहेको :** सन्ध्या साह -ना.प्र.नं. १७११०२/८८२८, जारी मिति २०७०/०४/०८, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक हरिहरपुर गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ घ हाल धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ५ स्थित कि.नं. १८५ को क्षेत्रफल ०-०-१५-० (बि.क.धु.क.), धनुषा जिल्ला, साविक नक्टाझिज गा.वि.स./न.पा. वडा नं. ४ हाल धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. २ स्थित कि.नं. ७०५ को क्षेत्रफल ०-०-५-० (बि.क.धु.क.) र धनुषा जिल्ला, साविक यज्ञभुमि गा.वि.स./न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ क हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ७ स्थित कि.नं. ९५७ र ९५८ को क्षेत्रफल क्रमश: ०-१-९-० र ०-७-०-० (बि.क.धु.क.) र धनुषा जिल्ला, साविक जनकपुर न.पा. वडा नं. ४ नक्सा सिट नं. १३९५२२ हाल धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. ४ स्थित कि.नं. २६२ र २६१ को क्षेत्रफल क्रमश: ०-०-७-० र ०-०-१०-१ (बि.क.धु.क.) बमोजिमको जग्गा एवं सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. एन.के.फुड एण्ड बेभरेज ईन्डष्ट्रिज प्रा.लि. स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१२/१७ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय क्षिरेश्वर, महेन्द्रनगरमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१२/१८ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय क्षिरेश्वर, महेन्द्रनगरमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट्/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय क्षिरेश्वर, महेन्द्रनगरमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : क्षिरेश्वर, महेन्द्रनगर
फोन नं. ०४१-५४०४२८
Website : www.siddharthabank.com

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैाक लि. ढल्केवर शाखाको २१ दिने सुचना


यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नामः-श्री कृषि विकास बैाक लि. शाखा कार्यालय ढल्केवर, धनुषा**

| क्र.स. | ग्राहक को नाम (फिर्म र प्रोपराईटरको नाम) | फाइल नं | आई.डी नं | ठेगाना | बुवा/ पतिको नाम | बजे/ ससुराको नाम | कर्जाको उदेश्य | मिति २०८२-११-३० सम्म भुक्तानी गर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | अनिता देवी यादव | ११३५४ | ५५२००७५ | उमाप्रेमपुर-१ | जय कुमार यादब | नारायण यादव | सरल कृषि कर्जा | २५७३७ |
| २ | विजयकान्त झा | १०३८३ | ६८१४२५ | तल्लो गोदार-७ | महेश्वोर झा | रामेश्वोर झा | सरल कृषि कर्जा | ८९१६६५ |
| ३ | बिनोद कुमार ठाकुर | ८०६३ | ६८२५८७ | बटेश्वोर-४ | बिसेश्वोर प्रसाद ठाकुर | मधु ठाकुर | सरल कृषि /घरयाशी कर्जा | ८६६२५ |
| ४ | गीता कुमारी ठाकुर | ११३६३ | ५५१५४१३ | बेन्गाडावर-२ | दिनेश कुमार ठाकुर | श्री ठाकुर | सरल कृषि कर्जा | ४३५८५ |
| ५ | इन्दु कुमारी थापा | ११२३६ | ५५०६०७१ | यज्ञभूमि-८ | बद्रि बहादुर थापा | पदम बहादुर राउत | सरल कृषि कर्जा | ४२८९१ |
| ६ | जैसी बाबा किराना पसल/ प्रोः रिना देवी | १०९७१ | ५३८३८६१ | क्षिरेश्वोर-५ | दिपक यादव | राम लखन यादव | व्यापार कर्जा | २६००००० |
| ७ | जितेन्द्र किराना पसल/ प्रो महेन्द्र सहा | १०३४७ | ६८१३६५ | मिथिला-९ | सोनलाल साह | पप्पु साह | व्यापार कर्जा | ७३१२७२ |
| ८ | जोगिन्द्र दास | ११०२३ | ५४२९१४४ | ढल्केवर-८ | राम प्रसाद दास तत्मा | सोमन दास | सरल कृषि कर्जा | २०६०६१० |
| ९ | कुशेश्वोर महतो | ११०९१ | ६८१२७२ | बटेश्वोर-१ | दुर्गानन्द सिंह कोइरी | जयलाल सिंह | सरल कृषि /घरयाशी कर्जा | ७७०७० |
| १० | लवकुश कृषि तथा पशुपालन फिर्म/ प्रोः राम कलि कुमारी | ११००९ | ५४१५८०० | मिथिला-८ | राम एकबाल महतो | माधुरी महतो | कृषि उत्पादन | ५६६६४ |
| ११ | महादेव यादव | ११३४८ | ५५१९४११ | मिथिला-५ | नेवत यादव | बिजु यादव | सरल कृषि /घरयाशी कर्जा | २५४२१०० |
| १२ | राधा पशुपन्छी पालन तथा कृषि फर्म/ प्रो राधा देवी यादव | १०९८३ | ५३८३९२८ | गणेशमानचार्नाथ-१ | उपेन्द्र प्रसाद यादव | अबद यादव | कृषि उत्पादन | २५३३२०० |
| १३ | राम कुमार साहु तेली | ८६०८ | १७०६४५४ | बटेश्वोर -२ | लक्ष्मी साहु | भुलुर सहा | सरल कृषि कर्जा | २०७६७७१ |
| १४ | राम पुकार कामैत | १०९९५ | १२०९६७९ | बटेश्वोर -२ | फुल्कित कैमत | मागें कैमत | कृषि उत्पादन | १५७७९९० |
| १५ | राम सुदिस्ट महतो | १११६४ | ५४७७७३४ | लक्ष्मीनिबास-५ | लक्ष्मण महतो | बुधन महतो | सरल कृषि कर्जा | ४७१९६ |
| १६ | संगीता कुमारी थापा मगर | १११०० | ५४६०८५७ | भरतपुर-३ | मिन बहादुर जर्घा मगर | शान्तिमान थापा मगर | सरल कृषि /घरयाशी कर्जा | ५७२८५ |
| १७ | शैलो देवी ठाकुर | ११३१२ | ५५०६७८१ | लक्ष्मीनिबास-१ | सियाराम ठाकुर | चटकी ठाकुर | सरल कृषि कर्जा | ४६५७५ |
| १८ | शिव कुमारी देवी महतो | १०९९२ | ५३९४३०३ | नक्टाझिज-५ | रामनाथ महतो | सिताई महतो | सरल कृषि कर्जा | ८२४८९० |
| १९ | सिता राम गल्ला भण्डार/ प्रोः सिताराम महतो कोइरी | ९९५६ | ६८२७८३ | मिथिला-६ | लक्ष्मी महतो कोइरी | लालजी महतो | व्यापार कर्जा | १३३११३० |
| २० | सोनिता देवी बारही | ११२२५ | ५५०१८३८ | भरतपुर-३ | ब्रहम देव ठाकुर लोहार | सुरतिया ठाकुर | सरल कृषि कर्जा | ४२४६५ |
| २१ | सुर्य नारायण महतो | ९५४४ | ६८०६६३ | उमाप्रेमपुर-४ | रामेश्वोर महतो | नाकछेदी महतो | सरल कृषि कर्जा | ४४०६५ |
| २२ | सुशिला देवी सहा | १११०७ | १४२०९४४ | मिथिला-५ | शिवशंकर सहा तेली | नेबकी सहा | सरल कृषि कर्जा | ५८०७५ |
| २३ | उमाकान्त महतो | १११४५ | ५४७८५३८ | लक्ष्मीनिबास-९ | जगदिस महतो | बिल्ट महतो | सरल कृषि कर्जा | ५३९५० |
| २४ | अर्बिन्द कुमार महतो | ९२२९ | ५०२२७७६ | बेन्गाडावर-८ | जयकुमार महतो कोइरी | फागुनी महतो | सरल कृषि कर्जा | ६०००० |

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय, जनकपुरधाम**

# मृत्युलाई स्वीकार्न 'डेथ फेस्ट'



एपी

नोन्थाबुरी । थाइल्यान्डमा आयोजित अनौठो 'डेथ फेस्ट' नामक कार्यक्रमले मानिसहरूलाई जीवनको अन्तिम सत्य अर्थात् मृत्युबारे खुलेर सोच्न र स्वीकार गर्न प्रेरित गरिरहेको छ । बैङ्कक नजिकैको नोन्थाबुरी प्रान्तमा आयोजित तीनदिने कार्यक्रममा सहभागीहरूले मृत्युको सामना गर्ने मानसिक तयारीसँगै त्यसका व्यावहारिक पक्षबारे जानकारी पाउने अवसर पाएका छन् ।

दोस्रो वर्षमा प्रवेश गरेको यो कार्यक्रमले धेरैलाई असहज लाग्ने विषयलाई सार्वजनिक छलफलको केन्द्रमा ल्याएको छ । थाइल्यान्डको सामाजिक र धार्मिक परम्परामा बौद्ध धर्मको गहिरो प्रभाव रहेको छ, जहाँ जन्म, बुढ्यौली, रोग र मृत्यु जीवनका अनिवार्य दुःखका रूपमा व्याख्या गरिन्छ । यही दर्शनलाई आधार बनाएर कार्यक्रमले मृत्युको तयारी मात्र नभई, जीवनको अन्तिम समयसम्म राम्रो जीवनयापन कसरी गर्ने भन्ने विषयमा पनि ध्यान केन्द्रित गरेको छ ।

कार्यक्रममा सहभागी साङ् दुआन न्गाम्भिनिजरुन आफ्नी आमासँग मेलामा पुग्नुभएको थियो । उहाँले आफ्नो परिवारमा मृत्युबारे कुरा गर्न पहिले निकै गाह्रो हुने बताउनुभयो । तर २० वर्षभन्दा बढी समय बिरामी आफन्तहरूको हेरचाह गर्दै बिताएपछि उहाँले धेरैको मृत्यु प्रत्यक्ष देख्नुभएको र अहिले यसबारे खुलेर कुरा गर्न सक्ने अवस्थामा पुग्नुभएको बताउनुभयो ।उहाँका अनुसार कार्यक्रमको उद्देश्य केवल 'राम्रोसँग मर्ने तरिका' सिकाउनु मात्र नभई, मानिसले बाँचुन्जेल आफ्नो जीवनको गुणस्तर कसरी राम्रो बनाउने भन्ने विषयमा सोच्न प्रेरित गर्नु पनि हो ।

कार्यक्रममा स्वास्थ्य सेवा, वित्तीय योजना, राहतमुखी हेरचाह, अन्त्येष्टि सेवा र स्मारक व्यवस्थापनसँग सम्बन्धित विभिन्न क्षेत्रका विज्ञ तथा संस्थाहरू सहभागी भएका थिए । यहाँ आयोजित वार्ता र गतिविधिहरूले मृत्युको तयारी मात्र नभई, जीवनको अन्तिम दिनसम्म सम्मानजनक र अर्थपूर्ण जीवन कसरी जिउने भन्ने विषयमा केन्द्रित चर्चा गरेका थिए ।

कार्यक्रमका प्रमुख आयोजक तथा द क्लाउड म्यागजिनका प्रधान सम्पादक ज्कोङक्लोद बङ्गीखानका अनुसार मृत्यु व्यक्तिगत घटना मात्र नभई परिवार र समाजसँग जोडिएको विषय हो । उहाँले मानिसहरूले आफ्नो मृत्युबारे मात्र सोच्नुको सट्टा आफू पछि रहने परिवार र प्रियजनहरूको जीवनलाई कसरी सहज बनाउने भन्नेबारे पनि विचार गर्नुपर्ने बताउनुभयो ।

मेलामा सबैभन्दा आकर्षक प्रदर्शनीमध्ये 'टेस्ट डाइ' नामक अनुभवात्मक गतिविधि रहेको थियो । यसमा आगन्तुकहरूले विभिन्न आकार र शैलीका कफिनभित्र सुत्दै माथि राखिएको ऐनामा आफ्नो प्रतिबिम्ब हेर्ने अवसर पाउँथे । आयोजकहरूका अनुसार यो अनुभव डर सिर्जना गर्नेभन्दा पनि जीवन र मृत्युबारे आत्मचिन्तन गराउने उद्देश्यले तयार गरिएको हो ।

कार्यक्रममा सहभागी कार्यालय कर्मचारी फिनुट्टा सिहादले कफिनभित्र सुत्ने अनुभव शान्त र सोचनीय लागेको बताउनुभयो । उहाँले आफू मृत्युबाट खासै डराउने व्यक्ति नभएको र जीवनको अन्तिम क्षण आए पनि त्यो अत्यन्त भयावह नहुने अनुभूति भएको बताउनुभयो ।कार्यक्रममा वातावरणमैत्रीअन्त्येष्टिप्रविधिहरू पनि प्रस्तुत गरिएका थिए । एउटा कम्पनीले माइसेलियम अर्थात् ढुसीका जरा जस्तै फाइबरबाट बनाइने बायोडिग्रेडेबल कफिन प्रदर्शन गरेको थियो, जसले दफन प्रक्रियालाई प्राकृतिक रूपमा विघटन हुन सहयोग गर्छ । कम्पनीकी संस्थापक जिरावन कुमसाओका अनुसार यस्तो डिजाइनले वातावरणमैत्री अन्त्येष्टि संस्कृतिलाई प्रोत्साहन गर्ने उद्देश्य राखेको छ ।

यद्यपि उहाँको कम्पनीले मुख्यतः घरपालुवा जनावरहरूका लागि कफिन उत्पादन गर्ने गरेको छ । उहाँले मानिसहरूले आफ्ना घरपालुवा जनावरहरूको अन्तिम क्षणसम्म राम्रो हेरचाह गरेको अनुभूति गर्दा सान्त्वना पाउने बताउनुभयो । उहाँका अनुसार कफिनको डिजाइन अन्तरिक्ष यान वा क्याप्सुलजस्तो देखिने गरी बनाइएको छ, जसले प्रिय जनावरलाई अर्को संसारतर्फ पठाउने प्रतीकात्मक भाव दिन्छ ।

कार्यक्रममा डिजिटल स्मारक सेवाहरू पनि प्रस्तुत गरिएका थिए । अनलाइन मेमोरियल प्लेटफर्म 'सेयरसोल्स' का संस्थापक नोप्पासवार्ड पान्याजारेका अनुसार उहाँको सेवाले मानिसहरूलाई फोटो सुरक्षित राख्न र आफ्ना प्रियजनहरूको सम्झना तथा कथाहरू साझा गर्न डिजिटल स्थान उपलब्ध गराउँछ ।उहाँका अनुसार प्रारम्भिक रूपमा यो प्लेटफर्म परिवारका सदस्यहरूको सम्झना सुरक्षित राख्ने उद्देश्यले सुरु गरिएको थियो । तर प्रयोगकर्ताहरूले आफ्ना घरपालुवा जनावर हरूको स्मृतिमा पनि स्मारक पृष्ठ बनाउन थालेपछि उहाँ आश्चर्यचकित हुनुभएको बताउनुभयो ।

उहाँका अनुसार धेरै मानिसहरूले आफ्ना घरपालुवा जनावरबारे कथा र सम्झना सुरक्षित राख्न कुनै उपयुक्त स्थान नपाएको भन्दै प्लेटफर्मप्रति आभार व्यक्त गरेका छन् । उहाँले हरेक घरपालुवा जनावर आफ्नो मालिकका लागि परिवारका सदस्यजत्तिकै महत्त्वपूर्ण हुने भएकाले त्यस्ता सम्झनाहरू सुरक्षित राख्ने ठाउँको आवश्यकता बढ्दै गएको बताउनुभयो ।

कार्यक्रमका प्रमुख आयोजक तथा द क्लाउड म्यागजिनका प्रधान सम्पादक ज्कोङक्लोद बङ्गीखानका अनुसार मृत्यु व्यक्तिगत घटना मात्र नभई परिवार र समाजसँग जोडिएको विषय हो । उहाँले मानिसहरूले आफ्नो मृत्युबारे मात्र सोच्नुको स । आफू पछि रहने परिवार र प्रियजनहरूको जीवनलाई कसरी सहज बनाउने भन्नेबारे पनि विचार गर्नुपर्ने बताउनुभयो ।

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय सिरहाको २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असूली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम: कृषि बिकास बैंक लि शाखा कार्यालय, सिरहा**

| क्र. सं. | नाम | पिता/पतिको | बाजे/ससुराको | ठेगाना | आइ.डि. नं. | मिसिल नं. | उद्देश्य | साँवा | २०८२ कार्तिक मसान्त सम्मको ब्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ग्वाला निर्माण सेवा (प्रो.जगदीश यादव) | बलदेव यादव | | सिरहा ०१, सिरहा | ८३९०५१ | ६८४० | घरायसी कर्जा | १००००००.०० | २५१००.३१ | १०२५१००.३१ |
| २ | रामप्रसाद यादव | अजबी यादव | पलट यादव | इटातार ९, सिरहा | ८३९०८० | ३०७५ | सरल कृषि कर्जा | ४५००००.०० | ८३१२.२७ | ४५८३१२.२७ |
| ३ | कुमार यादव | गेनै यादव | | सिरहा ०२, सिरहा | ८३९१०८ | ५६२९ | सरल कृषि कर्जा | २५००००.०० | ४४२७.०० | २५४४२७.०० |
| ४ | कपिल दास | कान्ता दास | कारी दास | हार्कट्टी ५, सिरहा | ८३९५३१ | ७१०९ | घरायसी कर्जा | ४५००००.०० | ११२१८.०५ | ४६१२१८.०५ |
| ५ | धनबीर यादव | पुलकित यादव | खैतर यादव | गौरीपुर ७, सिरहा | ८३९६९१ | ७६३५ | सरल कृषि कर्जा | ३१००००.०० | ५६५८.९९ | ३१५६५८.९९ |
| ६ | राजराम यादव | शिवधर यादव | कैलु यादव | लगाडी गदियानी ०३, सिरहा | ८३९७४३ | ५९३६ | सरल कृषि कर्जा | ३०००००.०० | ९४९०.०७ | ३०९४९०.०७ |
| ७ | लालोबत्ती पास्मान | बनकर पास्मान | जानका पास्मान | सिरहा ०७, सिरहा | ८३९८०० | ७६८३ | सरल कृषि कर्जा | ८०००००.०० | ३०९८८.१३ | ८३०९८८.१३ |
| ८ | उर्मिला कुमारी देवी | श्री जुगुती यादव | आशार्फी यादव | राजपुर ०१, सिरहा | ८३९८४५ | ७७२४ | सरल कृषि कर्जा | १००००००.०० | २२५६८.५५ | १०२२५६८.५५ |
| ९ | रामपती यादव | राम भगत यादव | | सिरहा ०७, सिरहा | ८३९८९९ | ६७५३ | सरल कृषि कर्जा | १६०००००.०० | ९१३४५.१७ | १६९१३४५.१७ |
| १० | मुक्ति यादव | प्रभु यादव | उमेड यादव | लक्ष्मीनिया ४ हाल सिरहा १८ | ८४०००० | ६४०७ | सरल कृषि कर्जा | २०००००.०० | ३६३५.३७ | २०३६३५.३७ |
| ११ | राम सुनैर साहु सुडी | | | सहैता ७ | ८४०००१ | ६६४४ | सरल कृषि कर्जा | २०००००.०० | ११६१६.०० | २११६१६.०० |
| १२ | सञ्जना रसायनीक मल खाध्य पसल (प्रो : सुरेन्द्र शाह) | ईश्वर शाह | चनु शाह | राजपुर ५ | ८४०००९ | ७८२२ | ब्यापार कर्जा | ४२०००००.०० | १४६०४९.९४ | ४३४६०४९.९४ |
| १३ | ओम शिव निर्माण सेवा (प्रो : प्रमोद यादव) | बिकान यादव | | हाकापारा ५ | ८४०१६५ | ७९०५ | सरल ठेक्का कर्जा | ३००००००.०० | ३०२०१०.०० | ३३०२०१०.०० |
| १४ | इन्दु कुमारी यादव | प्रदीप कुमार याद | | सिराहा ९ | ८४०१९५ | ७९२७ | ब्यापार कर्जा | ९०००००.०० | ३९११६.५४ | ९३९११६.५४ |
| १५ | परमेश्वर यादव | सती यादव | सोनी यादव | राजपुर ५ | ८४०२८० | ७९८४ | ब यक्तिगत ओभरड्राफ्ट कर्जा | ७०००००.०० | २००६८.६२ | ७२००६८.६२ |
| १६ | रामजी यादव | सुकदेव यादव | गोनाई यादव | लक्ष्मीनिया ४ | ८४०३९८ | ९०६६ | सरल कृषि कर्जा | ८०००००.०० | १८९२३.९६ | ८१८९२३.९६ |
| १७ | सरस्वती देवी राम | मंगसिफ महारा | | राजपुर ६ | ८४०५२१ | ९१५३ | सरल कृषि कर्जा | ९०००००.०० | ३९९३५.८८ | ९३९९३५.८८ |
| १८ | गंगा कुमारी देवी | गंगा कुमारी देव | बिल्टो महातो | अर्नामा ९ | ८४०५५३ | ११२९७ | सरल कृषि कर्जा | १००००००.०० | ३३४१३.७७ | १०३३४१३.७७ |
| १९ | प्रमिला देवी यादव | हरिराम यादव | रामदेव यादव | लक्ष्मीनिया ४ | ८४०५९८ | ९२२० | सरल कृषि कर्जा | १००००००.०० | ३५५७०.१६ | १०३५५७०.१६ |
| २० | लक्ष्मी यादव | कारी यादवनी | | अर्नामा ०४ | ८४०६१७ | ४६४७ | घरायसी कर्जा | २०००००.०० | ६९५४.९९ | २०६९५४.९९ |
| २१ | राम गुलाम बडही | आबाधी यादव | | अर्नामा ०४ | ८४०६५५ | ९२६४ | सरल कृषि कर्जा | ८०००००.०० | १३६९३.०९ | ८१३६९३.०९ |
| २२ | सौखी लाल यादव | राधा मोहन रुद्र | चेतरु रुद्र | सिरहा १७, सिरहा | ८४०६६० | ९२५१ | घरायसी कर्जा | ३०००००.०० | १०८८४.०६ | ३१०८८४.०६ |
| २३ | गोहीवार कलेक्सन (प्रो : जिवन कुमार यादव) | मोहन प्रसाद यादव | | सिरहा-७, सिरहा | ८४०६९१ | ९२७७ | ब्यापार कर्जा | १००००००.०० | १९५१६९.०० | ११९५१६९.०० |
| २४ | राम भगत यादव | धनबीर यादव | श्री सलदेव यादव | लक्ष्मीनिया ६, सिरहा | ८४०७०६ | ६४२९ | सरल कृषि कर्जा | ६०००००.०० | २०१४८.५५ | ६२०१४८.५५ |
| २५ | गिर्जा देवी पास्मान | लाटु पास्मान | | सिरहा १० | ८४०७१९ | ९३१० | घरायसी कर्जा | १००००००.०० | २४३८०.९६ | १०२४३८०.९६ |
| २६ | जिब्छी देवी ठाकुर | गुरुदयाल ठाकुर | | हनुमान ८ सिरहा १० | ८४०७७७ | ९३५६ | सरल कृषि कर्जा | ५०००००.०० | २९३४४.८७ | ५२९३४४.८७ |
| २७ | रतन देवी यादव | गुल्तान यादव | दुखी यादव | लागाडिगोथ १ | ८४०८२७ | ९४०५ | घरायसी कर्जा | ५०००००.०० | १२८५२.३८ | ५१२८५२.३८ |
| २८ | डोरीक लाल दास तत्मा | जबार तत्मा | | सिराहा ०९ | ८४०८५० | ९४४३ | सरल कृषि कर्जा | ५०००००.०० | १६९५५.६० | ५१६९५५.६० |
| २९ | राजदेव यादव | लक्ष्मी यादव | बासुदेव यादव | हकपारा ३ | ८४०८६७ | ९४४६ | सरल कृषि कर्जा | १८५००००.०० | ६८९४२.१३ | १९१८९४२.१३ |
| ३० | सूर्यकला देवी काम्ती | बद्री नारायण काम्ती | धम्रणनाथ काम्ती | सिरहा ११ | ८४०८७२ | ९४४४ | घरायसी कर्जा | ४०००००.०० | ७८२६.२६ | ४०७८२६.२६ |
| ३१ | बाथु महातो कोइरी | तिलाई महतो | श्री थान महतो | अर्नामा ०८ | ८४०८९८ | ९४६८ | घरायसी कर्जा | ७०००००.०० | २२४१२.२१ | ७२२४१२.२१ |
| ३२ | शम्भु बस्त्रालय (प्रो : शम्भु यादव) | हरीनाथ यादव | लक्ष्मेश्वर यादव | सिराहा ७ | ८४०८९९ | ९४७६ | ब्यापार कर्जा | १६५००००.०० | ११२७४२.४२ | १७६२७४२.४२ |
| ३३ | शिबो देवी गोइत | बिष्णु देव गोइत | अनादु गोहित | खिरौना २ सिरहा १२ | ८४०९२१ | ९४८४ | घरायसी कर्जा | ५०००००.०० | १०४२२.५७ | ५१०४२२.५७ |
| ३४ | अस्लानी यादवनी | सिबु यादव | भुल्लो यादव | सहैता ७ | ८४१०४१ | ९५८२ | घरायसी कर्जा | ३०००००.०० | १०५९१.५५ | ३१०५९१.५५ |
| ३५ | जोहरा खातुन | मन्सुर मिया | जोखान मिया | सिरहा ७ | ८४१०८३ | ९०७५ | सरल कृषि कर्जा | ६०००००.०० | ३०५४९.३४ | ६३०५४९.३४ |
| ३६ | बिशेश्वर यादव | नेपाल यादव | गुलाई यादव | सिरहा ०२ | ८४११०७ | ९२८१ | घरायसी कर्जा | ५०००००.०० | १२००३.३४ | ५१२००३.३४ |
| ३७ | सितली देवि दास | राजकुमार तत्मा | | सिरहा ८ | ८४१७०८ | १०७४३ | सरल कृषि कर्जा | ९०००००.०० | १६४२६.६८ | ९१६४२६.६८ |
| ३८ | विश्वम्भर महतो | महेन्द्र महातो | | गमहरिया ९ | ८४३१९५ | ९८२७ | सरल कृषि कर्जा | ४५१४२८.६८ | ३८२०८.९८ | ४८९६३७.६६ |
| ३९ | योग कुमार यादव | चौधरी यादव | सिंहेश्वर यादव | थल्हा कथा ४ हल्बिष्णुपुर ४ | ८४५४३४ | १०८८३ | सरल कृषि कर्जा | १००००००.०० | २६१४१.३१ | १०२६१४१.३१ |
| ४० | जय देव यादव | उमाकान्त यादव | रामनारायण यादव | राजपुर ४ | ८४५७१७ | ९४२० | सरल कृषि कर्जा | १००००००.०० | ४१२५७.७२ | १०४१२५७.७२ |
| ४१ | झावरी कुमारी यादव | सुरज मुखिया यादव | लखना यादव | सिरहा-८ | ११८४२०८ | १०९४१ | सरल कृषि कर्जा | १००००००.०० | २५७११.५८ | १०२५७११.५८ |
| ४२ | विभाश किराना खुद्रा बिक्रेता (प्रो : विनोद कुमार यादव) | धनिक लाल यादव | सुकन यादव | बिष्णुपुर ९ सिरहा | १२३७४२० | ९६९४ | ब्यापार कर्जा | १५०००००.०० | ४१५२४६.८५ | १९१५२४६.८५ |
| ४३ | जगदीश तत्मा | शिब लाल तत्मा | लक्ष्मी तत्मा | महिषोत्तम, सिरहा ३ हाल ८ | १२३९२२८ | ९६९६ | घरायसी कर्जा | ३०००००.०० | ६६८१.२० | ३०६६८१.२० |
| ४४ | आरती जेनरल स्टोर (प्रोःभोरेल कुमार यादव) | चलितर यादव | बिरन यादव | बिष्णुपुर गा पा ०३ राजपुर | १२९८४५२ | ९७४२ | ब्यापार कर्जा | ७०००००.०० | २२१४२.७५ | ७२२१४२.७५ |
| ४५ | मटवार राइस मिल (प्रोः अशोक कुमार यादव) | मतवार यादव | बिष्णु यादव | अर्नामा ०४ | १३०८३२० | ९७७१ | औधोगीक कर्जा | १८३००००.०० | ८०९५७.०० | १९१०९५७.०० |
| ४६ | विन्देश्वर यादव | अयोधी यादव | सीता यादव | हकपारा ०२ | १३२६२४३ | ९५३३ | सरल कृषि कर्जा | ६०००००.०० | २१५९८.४५ | ६२१५९८.४५ |
| ४७ | उर्मिला देवी यादव | बिसुन देव यादव | सरजुग यादव | कृष्णपुर ०५ | १३३३२०९ | ९७३५ | घरायसी कर्जा | ७०००००.०० | १६३९१.७१ | ७१६३९१.७१ |
| ४८ | जितेन्द्र कुमार सिंह | रामचन्द्र महत | | अर्नामा ०४, लक्ष्मीपुर | १३४३१०१ | १०४७३ | सरल कृषि कर्जा | ३००००००.०० | ६५०८१३.०० | ३६५०८१३.०० |
| ४९ | काशिन्द्र यादव | माटुकी | भागदेव | सिखाचैना-७ सिरहा | १३४४२०७ | ९६४६ | सरल कृषि कर्जा | ६०००००.०० | ११९८९.६३ | ६११९८९.६३ |
| ५० | सुरेन्द्र प्रसाद यादव | चन्द्र देव यादव | घुरन यादव | हकपारा ०३ | १५३७३४१ | ९९२७ | सरल कृषि कर्जा | १०५००००.०० | ५४७९३.०० | ११०४७९३.०० |
| ५१ | प्रदीप कुमार यादव | बिष्णु देव यादव | सिंहेश्वर यादव | थलाहकट्टा-०४ | १५४९९१९ | ९९१९ | सरल कृषि कर्जा | १००००००.०० | २२४९९.२९ | १०२२४९९.२९ |
| ५२ | राम कुमारी यादवनी | आशेश्वर यादव | किसुन निजपुरिया | सिरहा १४ | १५६१४६९ | ९९५४ | सरल कृषि कर्जा | ६०००००.०० | १४६०२.३६ | ६१४६०२.३६ |
| ५३ | कुष्मा देवी मुखिया | राजो मलाहा | गणेश मलाहा | हनुमाननगर १ | १६९४०१८ | १०१०२ | घरायसी कर्जा | ५०००००.०० | १३२६३.५५ | ५१३२६३.५५ |
| ५४ | राम शंकर र आचल जेनरल स्टोर (प्रो : रुवि देवी कमाती) | राज कुमार कमाती | रामवृक्ष कामती | सिरहा ११ | १६९४१५९ | १०११६ | ब्यापार कर्जा | २५१२५००.०० | २७७८६२.१९ | २७९०३६२.१९ |
| ५५ | श्री विश्वकर्मा सा मिल (प्रो : चन्द्र बरही) | आयोधी ठाकुर | सोनायी ठाकुर | लक्ष्मीनिया ४ | १७०२७०८ | १०१०५ | ब्यापार कर्जा | १००००००.०० | ४४७१९.५९ | १०४४७१९.५९ |
| ५६ | फुलेश्वरी यादव | मंगल यादव | थकायी यादव | सुखैना १ | १७१९०४३ | १०१७१ | घरायसी कर्जा | ५०००००.०० | १३४५४.९४ | ५१३४५४.९४ |
| ५७ | नन्दीलाल यादव | राम प्रित यादव | जनक लाल यादव | औरही ०४, इटार | १७२५१०३ | १०१६८ | सरल कृषि कर्जा | २५००००.०० | ५२६७.३४ | २५५२६७.३४ |
| ५८ | भगवान दत्ता | सुखी यादव | सिबधारी यादव | थालकट्टा २ | १७३९०८३ | १०२०३ | सरल कृषि कर्जा | ५०००००.०० | ४३९७.४४ | ५०४३९७.४४ |
| ५९ | राम बिलास साहु सुडी | बिकाउ साहु सुडी | मुकुल साह सोडी | सनैता ९ | १७३९६३३ | १०१९७ | सरल कृषि कर्जा | ८०००००.०० | ८४४५.१० | ८०८४४५.१० |
| ६० | जगवत यादव | रामजी यादव | रतन यादव | इटाटर ७ | १७४४६७० | १०२१८ | घरायसी कर्जा | ७०००००.०० | १६११२.४२ | ७१६११२.४२ |
| ६१ | रिंकु कुमारी यादव | राजदेव यादव | सौखिलाल थारी | थालकट्टा ५ | १७४९२५७ | १०२४५ | सरल कृषि कर्जा | ६०००००.०० | २९०५२.४५ | ६२९०५२.४५ |
| ६२ | मानो देवी | रामप्रसाद महत | नारायण महातो | अर्नामा ०३, हरकाता | १७५३२९७ | १०२६६ | सरल कृषि कर्जा | ५०००००.०० | १२१२०.७८ | ५१२१२०.७८ |
| ६३ | प्रमिला कुमारी यादव | सुखिया यादव | बटाउ यादव | इट्टाटर ८ | १७६२००० | १०२५८ | सरल कृषि कर्जा | १००००००.०० | ३३४९४.८४ | १०३३४९४.८४ |
| ६४ | अन्हेर बात बाबा पशुपालन तथा मत्स्य उमेश कृषि फर्म (प्रो : हरीदेव यादव) | राजलाल यादव | रामेश्वर यादव | हरकट्टा, अर्नामा ०३, सिरहा | १८०७५१२ | ५४९१ | सहुलियत कर्जा | ९७००००.०० | १४८६६२.९४ | १११८६६२.९४ |
| ६५ | उमा कुमारी शाह | नागेश्वर साहु | राजकुमार कुमारी | जगतपुर-०७, सप्तरी | १८१५९६९ | १०३६१ | सरल कृषि कर्जा | ४०००००.०० | ११७७८.३० | ४११७७८.३० |
| ६६ | मीना देवी यादव | सूर्यनाथ यादव | रामचन्द्र यादव | लक्ष्मीन्या-०४, भजन्हा | १८२८९७९ | १०४१० | सरल कृषि कर्जा | ८०००००.०० | २८८९९.७८ | ८२८८९९.७८ |
| ६७ | साबित्री तात्मानी | सरूप तत्मा | सिंहेश्वर टाटम | अर्नामा ०६ | १८३८०६४ | १०४०३ | सरल कृषि कर्जा | ५०००००.०० | ८७५२.९३ | ५०८७५२.९३ |
| ६८ | फुलझरी देवी यादव | रामुदगर यादव | माधव यादव | पिप्रा, पिप्रा-०४, सिरहा | १८६७०८६ | १०४७० | सरल कृषि कर्जा | १००००००.०० | २६४५५.९१ | १०२६४५५.९१ |
| ६९ | कुमारी देवी दास | सुबाध दास | खतरदास | सिरहा ११ | १८७९३०१ | १०४८१ | सरल कृषि कर्जा | १००००००.०० | २८८२२.०३ | १०२८८२२.०३ |
| ७० | अविनाश कृषि तथा पशुपालन फर्म (प्रो : राम प्रकाश यादव) | मुगलाल यादव | | अर्नामा ०५, गौरीपुर | १९१९२०३ | ७०८८ | सहुलियत कर्जा | ४९०००००.०० | ९८१२११.०० | ५८८१२११.०० |
| ७१ | देव कुमारी यादव | रामप्रित यादव | सियाल यादव | इटाटर-०८, सिरहा | १९२५८७४ | १०५३३ | सरल कृषि कर्जा | १००००००.०० | ६८९१०.०० | १०६८९१०.०० |
| ७२ | दुख्नी यादवनी | रामो यादव | भगवानदत्त यादव | कृष्णपुर-०८, सिरहा | १९५२४५७ | १०५८४ | सरल कृषि कर्जा | ९५००००.०० | २३१५६.८९ | ९७३१५६.८९ |

(बाँकी पृष्ठ ७ मा)

# प्राकृतिक उपचारका लागि सिंगा तातोपानी

म्याग्दी । कपिलबस्तुको बाणगंगा नगरपालिका-४ का रामलाल चालिसे प्राकृतिक उपचारका लागि म्याग्दीको सिंगा तातोपानी कुण्डमा यसपाली दोस्रो पटक आउनुभएको छ । "यसअघि तातोपानीमा प्राकृतिक उपचार गराएपछि निको भएको ग्यास्ट्रिकको समस्या दोहोरिन नदिन यसपाली पनि आएको हो," उहाँले भन्नुभयो "तातोपानीमा शरिर डुबाउने र पानी सेवन गर्नाले स्वास्थ्यलाई फाइदा गरेको महशुस गरेको छु ।"

धवलागिरी गाउँपालिका-३ मुनाका बुद्धिमान पुन छाला सम्बन्धी समस्याको उपचारका लागि तातोपानी कुण्डमा आएका आइतबार छ दिन भयो । सुरुका दिनको तुलनामा स्वास्थ्यमा सुधार हुदै गएको उहाँले अनुभव बताउनुभयो ।चितवनको भरतपुरकी चमेली घर्ति क्षेत्री पछिल्लो दश वर्षयता नियमित रुपमा वर्षको एक हप्ता तातोपानी कुण्डमा प्राकृतिक उपचारका लागि आउने गर्नुहुन्छ । "खाना नरुच्ने, अपच हुने, ढाड दुख्ने समस्या निको भएकाले हरेक बर्ष तातोपानी डुब्न आउने गरेकी छु," उहाँले भन्नुभयो "तातोपानीमा प्राकृतिक उपचार गराउँदा अस्पताल जानआउन लाग्ने समय र औषधी किन्दा हुने खर्चको बचत भएको छ ।"



चालिसे, पुन र घर्तीक्षेत्री जस्तै धेरै सर्वसाधारणहरुको लागि तातोपानी कुण्ड बरदान बनेको छ। वार्षिक २० हजार जना भन्दा बढी नेपालका ७७ वटै जिल्ला र विदेशबाट समेत सर्वसाधारणहरु प्राकृतिक उपचारका लागि आउने गरेका सिंगा तातोपानी कुण्ड ब्यवस्थापन समितिका सचिव कुमार केसीले बताउनुभयो ।

"म्याग्दी नदीको किनारमा प्राकृतिक रुपमा बिरेनुनको गन्ध आउने ५० डिग्री सेल्सीयस तापक्रममा निस्कने तातोपानीलाई संकलन गरेको पोखरीमा स्नानको व्यवस्था मिलाइएको छ," उहाँले भन्नुभयो "बिरेनुनको गन्ध आउने पानी संकलन गरिएको पोखरीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, वाथ, चोटपटक लागेको स्वास्थ्य समस्या निको हुने जनविश्वास छ ।" महिला र पुरुषको लागि स्नानका लागि फरक/फरक समय तालिका बनाइएको छ । तातोपानीमा स्नान गर्दा एक जनाको रोग अर्कामा नसर्ने सचिव केसीले बताउनुभयो । एक पटकमा दुई सय ५० जना स्नान गर्न मिल्ने पोखरी रहेको छ ।

छोटो समय स्नान गर्नेहरुका लागि अर्को पोखरी बनाइएको छ । एकान्तमा स्नान गर्नेहरुका लागि उपल्लो बजार नजिकै अर्को पोखरी पनि सञ्चालनमा ल्याइएको छ । कुण्डमा स्नान गरेपछि बाक्लो कपडाले बेरेर शरिरलाई न्यानो बनाउने गरिन्छ । पोखरीमा स्नानका साथै तातोपानी सेवन पनि गर्ने चलन छ । हिजोआज दैनिक एक हजार दुई सय जनाले तातोपानी कुण्डमा स्नान गरिरहेका सिंगा तातोपानी कुण्ड ब्यवस्थापन समितिका सदस्य मिना जुग्जाली गर्बुजाले बताउनुभयो । "बिहान ५:३० देखि साँझ ५०:३० बजेसम्म महिला र पुरुषको छ वटा समूह बनाएर स्नानको ब्यवस्था मिलाइएका छौ ," उहाँले भन्नुभयो " असोज-कात्तिक, मंसिर, पुष, माघ, फागुन, चैत र बैशाख महिना तातोपानी कुण्डमा स्नान गर्ने याम हो ।"

चुनावका कारण फागुन महिनामा तातोपानी स्नान गर्न आउनेहरुको संख्या कम भएको थियो । चुनावलगत्तै तातोपानीमा चहलपहल र चाप बढेको छ । १० दिन स्नान गर्न प्रतिव्यक्ति रु. तीन सय ५० शूल्क तिर्नुपर्छ । प्रवेश शूल्कको १३ प्रतिशत सरकारलाई कर र २५ प्रतिशत बेनी नगरपालिकालाई बुझाउने गरिएको छ । गत वर्ष नेपालका ६६ वटा जिल्लाका साथै कोरीया, पोल्याड, युक्रेन, स्कटल्याड, रसीया, जापान र भारतका २० हजार तीन सय ४७ जना बिरामीहरु तातोपानी कुण्डमा स्नानका लागि आएका थिए । रासस

# पहाड' मा नेपाली समाजको कथा




काठमाण्डु । निर्देशक तुलसी घिमिरेले युवा जनशक्ति विदेश पलायन हुँदा खाली भएका पहाड र यसले ल्याउने सामाजिक र आर्थिक समस्यालाई चित्रण गरेर चलचित्र 'पहाड' निर्माण गरिएको बताउनुभएको छ ।

आगामी वैशाख १ गते प्रदर्शन मिति तय गरिएको सो चलचित्रको आइतबार श्रव्यदृश्य (टिजर) सार्वजनिक गर्दै निर्देशक घिमिरेले चलचित्रको कथाले पहाड मात्र नभई समग्र देशकै अवस्थालाई दर्शाउने बताउनुभयो । उहाँले भन्नुभयो, "पहाड एकदमै सुन्दर ठाउँ हो । तर, पछिल्लो समय युवा पलयान भएका छन्, पहाडमा बसोबास गर्ने रोजगारीका लागि बसाइ सरेका छन् । हेर्दा हेर्दै पहाड उजाड झैँ देखिन थालेको छ, यही विषयलाई लिएर चलचित्र तयार गरेको छु ।"

निर्देशक घिमिरेले दर्शकसँगै यो चलचित्र घर, परिवार र समाजसम्म विचारको रुपमा पुग्ने विश्वास व्यक्त गर्नुभयो । भाग्यरत्न फिल्म्स प्रालिको ब्यानरमा निर्माण भएको 'पहाड' मा बिपीन कार्की, सुनिल थापा, मदनकृष्ण श्रेष्ठ, रेनुनाथ योगी, अरुण क्षेत्री, रवीन्द्रसिंह बानियाँ, उमा गिरीलगायतका कलाकारको अभिनय रहेको छ ।

निर्देशक घिमिरेले कान्छी छोरी पञ्चमी घिमिरेलाई यसै चलचित्रमार्फत अभिनेत्रीको रुपमा दर्शकसामु ल्याउनुभएको छ ।रासस

# नथिङ फोर ए नेपाली बजारमा, शुरुवाती ग्राहकलाई नि:शुल्क बड्स टु ए प्लस




**टुडे समाचारदाता**

काठमाण्डु । विश्व टेक बजारमा फरक डिजाईन, प्रिमियम प्रोडक्ट र एफोर्डेबल प्राईसिङका कारण निक्कै पृथक छवि बनाउन सफल नथिङ स्मार्टफोनले नेपाली बजारमा निरन्तर बलियो पकड बनाउँदै लगेको छ । टेक इन्थ्युजियास्टहरुले निक्कै मनपराएको ब्राण्ड नथिङलाई नेपाली बजारमा चौधरी समूह अन्तर्गतको सिजी मोबाईल्सले आयात तथा विक्रि वितरण गर्दै आएको छ ।

नथिङले आफ्नो प्रिमियम स्मार्टफोन सेरिज नथिङ फोन फोर ए सेरिज हालै विश्व बजारमा उतार्यो । जुन सेरिजको नथिङ फोन फोर ए नेपाली बजारमा आईपुगेको छ । ८ जिवि र्याम, १२८ जिवि स्टोरेज, ८ जिवि र्याम २५६ जिवि स्टोरेज र १२ जिवि र्याम र २५६ जिवि स्टोरेज गरि नथिङ फोन फोर ए का तिन भेरियन्ट र ह्वाईट, ब्ल्याक, ब्लु र पिङ्क गरि चार भिन्न कलर अप्सनमा नेपाली बजारमा ल्याईएको हो ।

"नथिङ्का उत्पादनहरु अत्यन्त प्रिमियम छन्", सिजी मोबाईल्सका महाप्रबन्धक विनय जोशी भन्छन्, "प्रिमियम डिजाईन, प्रिमयम स्पेक्स्, प्रिमियम प्रोडक्ट तर एफोर्डेबल प्राईसिङ जसले नथिङलाई विश्वभरका टेक इन्थ्युजियास्टले धेरै नै मनपराउँछन् । नेपाली बजारमा पनि नथिङ स्मार्टफोन तथा एक्सेसोरीज्मा उपभोक्ताको ठूलो क्रेज रहेको हामीले पाएका छौं ।"

५५ हजार नौ सय उनान्सयशुरुवाती मूल्य भएको नथिङ फोन फोर ए का शुरुवाती ग्राहकहरुलाई नथिङले ८ हजार नौ सय उनान्सय मूल्यको सिएमएफ वड्स टु ए प्लस निःशुल्क प्रदान गर्ने भएको छ ।

नथिङले यसपटक आफ्नो फोर ए सेरिजलाई पूर्णतया क्यामेरा सेन्ट्रिक बनाएको छ । ७० एक्स अल्ट्रा जुम सहितको थ्रि क्यामेरा सेटअप भएको यो स्मार्टफोन सेग्मेन्टकै सबैभन्दा उत्कृष्ठ क्यामेरा सेटअप भएको भनेर टेक रिभ्युअरहरुले भनेका छन् ।

एल्मुनियम फ्रेम, र नथिङको सिग्नेचर ट्रान्सप्यारेन्ट ग्लास ब्याक डिजाईन अनि ग्लिफ लाईटको संयोजनले यो फोन अत्यन्तै प्रिमियम देखिएको छ । आईपी ६८ डस्ट एण्ड वाटर रेसिस्टेन्स सर्टिफाईन नथिङ फोर एको बक्स भित्रै प्रिमियम फोन केस समेत प्रदान गरिएको छ । तिन जेनेरेसन सम्मको एण्डरोईड अपडेट प्रमिस गरिएको नथिङ फोर ए मा ब्लोटवेयर रहित क्लिन नथिङ ओएस प्रदान गरिएको छ । नथिङ ओएस पर्सनलाईजेसन र कस्टमाईजेसनमा सबैभन्दा राम्रो ओएस पनि हो ।

नथिङको सिग्नेचर एसेन्सियल एआई टुल सहित गुगल जेमिनी र च्याट जिपिटी जस्ता प्रिमियम एआई टुल्स इन्टिग्रेटेड गरिएका यि स्मार्टफोनमा स्न्यापड्रागन सेभेन एस जेन फोर प्रोसेसर प्रयोग गरिएको छ ।

Government of Madhesh Province

**Ministry of Physical Infrastructure Development**

**Infrastructure Development Directorate**

## Infrastructure Development Office, Dhanusha

## Invitation for Bidders

**Date of third Publication: 2082/12/04(17th March ,2026)**

1. Infrastructure Development Office (IDO), Dhanusha,invites open competitive biddings (Electronics bid only) from Eligible Bidders for the following goods under NCB Procedure. Only eligible bidders should participate in this bidding:

| S. N. | Contract Number | Description of work | Type | Estimate Amount in NRs. (Inclusive VAT) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Price of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | IDO/Dhanusha/ Goods/NCB/01-082/83 | The Procurement of Supply and Delivery of Goods for the arrangement of Conference/Meeting Hall of Maithili Bikash Kosh, Janakpur Dham | Works | 48,29,502.19/- | 1,20,000/- | 120 days from deadline of bid submission | 3,000/- | |

2. Account Details and Bid Submission and opening Date :

| Employer's Bank Account for Purchasing Bid Document | Employer's Bank Account Details for Bid Security Cash Deposit | Last Date of Bid submission | Bid opening date |
|---|---|---|---|
| RastriyaBanijya Bank Ltd<br>Office Code No: -3370117022<br>Account no: -1000100200010000 | Rastriya Banijya Bank Ltd<br>Office Code No: -3370117022<br>Account no: -1220100202030000 | 24th March 2026 (12:00 PM) | 24th March 2026 ( 2:00PM) |

3. A complete set of Bidding document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp.For detail information eligible bidders may visit the IDO,Janakpurdham, Dhanusha
4. All the rights to accept or reject the bids are reserved to IDO, Janakpurdham,Dhanusha without specifying any reasons if any.

**Office Chief**

| क्र.सं. | नाम | पिता/पतिको | बाजे/ससुराको | ठेगाना | आइ.डि.नं. | मिसिल नं. | उद्देश्य | साँवा | २०८२ कार्तिक मसान्त सम्मको ब्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७३ | रेखा देवी राय | राम जतन राय | सुर्ज राय कुर्मी | सिरहा-०२, सिरहा | १९५६४११ | १०६२५ | ब्यत्तिगत ओभरड्राफ्ट कर्जा | ८०००००.०० | ३१९३६.२५ | ८३१९३६.२५ |
| ७४ | रानीवती देवी यादव | रुप लाल यादव | बौधि यादव | बिष्णुपुर ०१, सिरहा | १९५८९१० | १०६३७ | सरल कृषि कर्जा | ९०००००.०० | २३६३४६.०० | ११३६३४६.०० |
| ७५ | सीता कुमारी यादव | रामनाथ यादव | हिया लाल यादव | औरही ०४, इटाटार | १९६४५९३ | १०७०३ | सरल कृषि कर्जा | २००००००.०० | ३३५५९.३९ | २०३३५५९.३९ |
| ७६ | बब्लु कृषि फर्म (प्रो : बब्लु कुमार यादव) | अरुण कुमार यादव | अधिक लाल यादव | औरही ०४, औरही | १९७२७११ | १०७२४ | सहुलियत कर्जा | १३०००००.०० | २५९८२०.०० | १५५९८२०.०० |
| ७७ | विजय कुमार यादव | श्री देव यादव | अजबी यादव | गौरीपुर-०९, सिरहा | १९८२१८६ | १०८२६ | सरल कृषि कर्जा | १००००००.०० | ३७१३१.०० | १०३७१३१.०० |
| ७८ | मिन्टु कृषि तथा पासु फर्म (प्रोः बिना कुमारी महतो) | भोलाई महतो | मैथकर महतो | अर्नामा ०३, अर्नामा | १९८३७९४ | १०१३६ | सहुलियत कर्जा | १२०००००.०० | ३६०३३.९५ | १२३६०३३.९५ |
| ७९ | ललिता कुमारी यादव | देवनारायण यादव | गंगा राम यादव | अर्नामा ०६, अर्नामा | १९८४२५९ | १०७९८ | सरल कृषि कर्जा | ४०००००.०० | १११५४.३९ | ४१११५४.३९ |
| ८० | मीना देवी यादव | राम बिनोद यादव | प्रभु यादव | सिराहा नगरपालिका | ३०३४४५६ | १०२८२ | सरल कृषि कर्जा | २००००००.०० | ४३६१२.०८ | २०४३६१२.०८ |
| ८१ | शत्रुधन कामती | सहदेव कामती | परियाग कामती | सिराहा नगरपालिका | ३०३४५२८ | ११००० | सरल कृषि कर्जा | १००००००.०० | ४७१७४.७१ | १०४७१७४.७१ |
| ८२ | चण्डेश्वर यादव | सीताराम यादव | सुवा लाल यादव | सिराहा नगरपालिका | ३०३६६११ | ११०७४ | सरल कृषि कर्जा | १००००००.०० | १६२८७.३६ | १०१६२८७.३६ |
| ८३ | झगरू ठाकुर हजम | राम स्वरुप ठाकुर | बुनी ठाकुर | अर्नामा ०१, मनहौर | ३०३९०८२ | ११११३ | सरल कृषि कर्जा | १००००००.०० | १६८२७.७४ | १०१६८२७.७४ |
| ८४ | विजय पशु तथा कृषि फर्म (प्रो : विजय कुमार दास तत्मा) | राम अवतार दास | भगवान दास तत्मा | अर्नामा ०३, अर्नामा | ५०१३३९७ | १०५८६ | सहुलियत कर्जा | २०००००.०० | ११२२५३.८९ | ३१२२५३.८९ |
| ८५ | शम्भु यादव | हरिनाथ यादव | लक्ष्मेश्वर यादव | सुखचैना-०६, सिरहा | ५०१५५९३ | ९४७६ | सरल कृषि कर्जा | १५०००००.०० | १४०४६५.०० | १६४०४६५.०० |
| ८६ | समुन्द्री देवी यादव | पाण्डब गोहिबार वाई | सुबोध बनरैत | सिराहा-०९, सिराहा | ५०१७९०८ | १०८८२ | ब्यत्तिगत ओभरड्राफ्ट कर्जा | २५०००००.०० | १०५२२१.२० | २६०५२२१.२० |
| ८७ | बिनिता देवी यादव | मानेश्वर यादव | शुभ यादव | अर्नामा ०४, अर्नामा | ५०३०३१४ | १०८९४ | सरल कृषि कर्जा | ५०००००.०० | ८५५६.०८ | ५०८५५६.०८ |
| ८८ | बिसुन देव यादव | भुता यादव | | राजपुर-०८, सिरहा | ५०५७००४ | १०९३५ | सरल कृषि कर्जा | १००००००.०० | १९३००.९६ | १०१९३००.९६ |
| ८९ | जय भोले बाबा कृषि तथा पशुपालन फर्म (प्रो : राम कुमारी यादव) | अनिल कुमार यादव | गँगा राम यादव | औरही ०४, इटाटार | ५१२०९११ | १००९६ | सहुलियत कर्जा | २०४००००.०० | ३०७५२९.०० | २३४७५२९.०० |
| ९० | बिलक्षण दास | बद्री | बर्सपिट दास | बेल्हा ०७, बेल्हा | ५१८४९९२ | १०९६४ | सरल कृषि कर्जा | १५०००००.०० | ५२२३४.८५ | १५५२२३४.८५ |
| ९१ | मा दुर्गा कृषि फर्म (प्रो : फुल कुमारी यादव) | खतार यादव | जादु यादव | सिराहा ०१ | ५१९२०९८ | ६५३० | सहुलियत कर्जा | ४९०००००.०० | ७१२३८६.०० | ५६१२३८६.०० |
| ९२ | शैलेस कृषि फर्म (प्रो : ललिता देवी यादव) | दिगम्बर यादव | परमेश्वर यादव | सिरहा-०९, सिरहा | ५१९२७७० | १०९९७ | सहुलियत कर्जा | २१०००००.०० | ३२५७५२.०० | २४२५७५२.०० |
| ९३ | ममता कुमारी यादव | राम पुकार यादव | नथुनी यादव | बिष्णुपुर-०२, सिरहा | ५१९४५१५ | ११००५ | सरल कृषि कर्जा | ७५००००.०० | १४३००.४८ | ७६४३००.४८ |
| ९४ | अमन कृषि फर्म (प्रो : अनिता देवी शाह) | शुनिल कुमार शाह | राजेन्द्र प्रसाद शाह | अर्नामा ०२, ब्रह्मपुरी | ५२०२२६० | ११०६९ | सहुलियत कर्जा | ४४०००००.०० | ४०२३५१.०० | ४८०२३५१.०० |
| ९५ | परिधी पशु फर्म (प्रो : मञ्जु कुमारी यादव) | ज्ञानेन्द्र यादव | राम नारायण यादव | औरही ०३, औरही | ५२८४९९० | १११५७ | सहुलियत कर्जा | ११६००००.०० | ३२४७५५.०० | १४८४७५५.०० |
| ९६ | देवराज पशु तथा कृषि फार्म (प्रो : रविन्द्र कुमार यादव) | अमिरकला कुमारी यादव | राम जनम यादव | नराहा ग्रामीण नगरपालिका-५ | ५४१४२७१ | ११२५६ | पशुपँक्षी पालन कर्जा | २२०००००.०० | २७८०३०.०० | २४७८०३०.०० |
| ९७ | जानकी पशु तथा माछा फार्म (प्रो : मिना देवी यादव) | राजदेव मुखिया | सिताराम गोहिवार | सिरहा नगरपालिका-८ | ५४२००८७ | ११२७५ | पशुपँक्षी पालन कर्जा | १५०००००.०० | ७७७२०.४५ | १५७७७२०.४५ |
| ९८ | उपेन्द्र यादव | तपेश्वर यादव | राम लखन यादव | बिष्णुपुर ०३, राजपुर | ५५०३०७७ | ११२९० | सरल कृषि कर्जा | १५०००००.०० | २८५१२.०१ | १५२८५१२.०१ |

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय, जनकपुरधाम**

# गोलबजारमा विरोध प्रदर्शन




**टुडे समाचारदाता**

लहान। इनिशा विश्वकर्माको हत्या तथा रौतहटमा दलित समुदायमाथि भएको सामूहिक कुटपिट घटनाको विरोधमा सिरहाको गोलबजारमा विरोध प्रदर्शन गरिएको छ।

दलित विकास मञ्चको आयोजना तथा विभिन्न गैरसरकारी संस्थाको सहकार्यमा सोमबार गोलबजारमा विरोध प्रदर्शन गरिएको हो । प्रदर्शनमा सहभागीहरूले हत्या तथा कुटपिट घटनामा संलग्न व्यक्तिहरूलाई तत्काल पक्राउ गरी कडा कानुनी कारबाही गर्न सरकारसँग माग गरेका छन्।

प्रदर्शनकारीहरूले गोलबजार क्षेत्रमा नाराबाजीसहित र्‍याली निकाल्दै पीडितलाई न्याय दिन राज्य गम्भीर बन्नुपर्ने बताएका थिए । र्‍यालीपछि गोलबजार मुख्यचोक गोलचक्करमा कोणसभा आयोजना गरिएको थियो।

कोणसभामा वक्ताहरूले पछिल्ला समय महिलामाथि, विशेषगरी दलित महिलामाथि हिंसा र हत्या घटनाहरू बढ्दै गएकोप्रति चिन्ता व्यक्त गरे । उनीहरूले छोरीहरू विद्यालय गएपछि सुरक्षित रूपमा घर फर्किन्छन् कि फर्किन्नन् भन्ने डर अभिभावकमा बढ्दै गएको बताएका थिए।

व क्ता हरू ले राज्यका निकायहरूले महिलाप्रति संवेदनशील र जिम्मेवार दृष्टिकोण नअपनाउँदा महिलाहरू अझ जोखिममा परेको जिकिर गरे। कानुनी राज्यको प्रभावकारी कार्यान्वयन, इमान्दार प्रशासन र जिम्मेवार जनप्रतिनिधित्व कमजोर हुँदा यस्ता घटनाहरू बढ्दै गएको उनीहरूको भनाइ थियो।

उनीहरूले समाजमा महिलाले स्वतन्त्र र सुरक्षित रूपमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न सरकारसँग माग गर्दै दलित महिलामाथि भइरहेका बलात्कार तथा हत्या घटनाप्रति राज्य गम्भीर हुनुपर्ने आवाज उठाए । कोणसभामा दलित अगुवा सञ्जय महरा, शिवकुमार महरा, रिता रजक लगायतका आ आफ्ना धारणा राखेका थिए।

# मालपोत कार्यालयका फाँट कर्मचारीविहिन

फाँटका कर्मचारीहरु कहाँ गएको भन्ने सोध्दा मिटिङ्गमा रहेको बताए । मिटिङ्ग नै गर्नुपर्ने हो भने कार्यालय समय बाहेक गर्नुपर्ने व्यवस्था रहेकोमा अतिव्यस्त मानिने सो मालपोत कार्यालयमा सेवाग्राहीको चाप भएकै बेला कर्मचारी मिटिङ्ग गर्ने गरेको एक लेखनदासले बताए ।

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारी कार्यालयमा समयमै कर्मचारी नपुग्ने बेथिति जनकपुरधामस्थित भूमिसुधार तथा मालपोत कार्यालयमा देखिएको छ। नियमतः कुनैपनि सरकारी कार्यालयमा कर्मचारीहरु १० बजे पुगिसक्नुपर्ने हो।

तर सोमवार मालपोत कार्यालयमा सबा ११ बजेसम्म कर्मचारीहरु आफ्नो फाँटमा देखिएका थिएन । कर्मचारीहरू कार्यकक्षमा नदेखिँदा सेवा लिन आउने सर्वसाधारण घण्टौं कुर्नु परेको थियो । केही कर्मचारीहरू मात्र कार्यकक्षमा देखिए पनि धेरै सेवाग्राहीहरू सेवा लिन प्रतीक्षामा बसिरहेका थिए।

सेवाग्राहीहरूका अनुसार कार्यालय फाँटमा कर्मचारी नहुनु यो सधैंको समस्या रहेको छ। एक सेवाग्राहीले भने 'बिहान १० बजेदेखि कागज मिलाएर आएका छौं । तर, कर्मचारी नहुँदा काम अघि बढ्न सकेको छैन।'

कार्यालयभित्रै केही कर्मचारीहरू कार्यकक्षमा बसेर खैनी, गुट्खा लगायतका पदार्थ सेवन गरिरहेको दृश्य पनि सामान्यजस्तै देखिने गरेको सेवाग्राहीहरूले बताएका छन् । यसले कार्यालयको अनुशासन र सेवा संस्कृतिमाथि प्रश्न उठाएको उनीहरूको भनाइ छ।

फाँटका कर्मचारीहरु कहाँ गएको भन्ने सोध्दा मिटिङ्गमा रहेको बताए । मिटिङ्ग नै गर्नुपर्ने हो भने कार्यालय समय बाहेक गर्नुपर्ने व्यवस्था रहेकोमा अतिव्यस्त मानिने



सो मालपोत कार्यालयमा सेवाग्राहीको चाप भएकै बेला कर्मचारी मिटिङ्ग गर्ने गरेको एक लेखनदासले बताए।

यसबाहेक कार्यालय परिसरमा बिचौलियाहरूको सक्रियता पनि खुलेआम देखिएको सेवाग्राहीहरू बताउँछन् । सेवाग्राहीहरूका अनुसार कागजी प्रक्रिया छिटो गराइदिने भन्दै बिचौलियाहरूले सेवाग्राहीसँग रकम माग्ने गरेको छन्। कतिपय सेवाग्राहीहरूले बिचौलियामार्फत काम गराउँदा मात्र प्रक्रिया छिटो हुने अनुभव सुनाएका छन्।

धनुषा सबैला नगरपालिकास्थित रमौल भरत यादव भन्ने सेवाग्राहीले त कर्मचारीले घुस माँगेको भनी बवाल नै मचाएका थिए। उनले भने सबै प्रक्रिया पुरा भएपनि कम्प्यूटरमा चढाउन कर्मचारीले लेखनदास मार्फत १५ सय रुपैया दिए पनि एक सातादेखि हुन सकेको छैन।

उनले थप्दै मलाई नभनी लेखनदास मार्फत ५ हजार रुपैया माग्यो नदिएपछि अहिलेसम्म रोकेर राखेको थियो। कम्प्यूटर फाँट अगाडि आधा घण्टाभन्दा बढी समय ती सेवाग्राही र कर्मचारीबीच विवाद भएको थियो। सेवाग्राही र कर्मचारीबीच भइरहेको विवाद सामाजिक सञ्जालमा भाइरल भइरहेको छ।

सरोकारवालाहरूले सरकारी कार्यालयहरूमा अनुशासन कायम गर्न, कर्मचारीलाई कार्यालय समयमै उपस्थित गराउन तथा बिचौलियाको चलखेल रोक्न सम्बन्धित निकायले प्रभावकारी अनुगमन गर्नुपर्ने माग गरेका छन्।

# राजनीतिक नियुक्ति फिर्ता लिन चेतावनी




**टुडे समाचारदाता**

रौतहट। आमजनता पार्टीका अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले सुशीला कार्की नेतृत्वको सरकारले हालै गरेको राजनीतिक नियुक्ति तत्काल फिर्ता लिन आग्रह गरेका छन्।

साहले सोमबार सामाजिक सञ्जाल फेसबुकमार्फत वक्तव्य सार्वजनिक गर्दै जेन-जी विद्रोहको जगमा बनेको सरकारले आफ्ना निकट व्यक्तिलाई राज्यका महत्वपूर्ण निकायमा नियुक्त गर्नु सुशासनको भावना विपरीत भएको बताएका हुन्। उनका अनुसार निर्वाचन सम्पन्न गरेर बहिर्गमनको चरणमा रहेको सरकारले यस्ता निर्णय गर्नु उपयुक्त नभएको र यसले पारदर्शिता तथा सुशासनमा प्रश्न उठाउने काम गरेको छ।

उनले निर्वाचन सम्पन्न गराउने जिम्मेवारी पाएका गृहमन्त्री ओम प्रकाश अर्याल लाई मन्त्रिपरिषद् बाट राष्ट्रियसभामा मनोनयनका लागि सिफारिस गरिएको विषयलाई समेत अस्वाभाविक र लाजमर्दो निर्णय भएको टिप्पणी गरेका छन्।

त्यस्तै, प्रधानमन्त्री कार्कीले आफ्ना प्रमुख स्वकीय सचिव आदर्श श्रेष्ठ लाई प्रकृति संरक्षण कोष को अध्यक्षमा नियुक्त गरेको विषयप्रति पनि उनले आपत्ति जनाएका छन्। यस्तो निर्णयले सुशासन र पारदर्शितामाथि ठाडो प्रहार गरेको उनको भनाइ छ।

यसअघि पनि जेन-जी आन्दोलनका शहीद परिवारको नाममा आफ्नै परिवारका सदस्यलाई रोजगारी दिएको आरोप लागेको प्रसङ्ग स्मरण गराउँदै साहले वर्तमान निर्णयहरूले आन्दोलनको मूल उद्देश्य र भावनालाई नै कमजोर बनाउने बताएका छन्।

साहले जेन-जी आन्दोलनको छानबिनका लागि गठन गरिएको जाँचबुझ आयोगले सरकारलाई प्रतिवेदन बुझाइसकेको भए पनि त्यसलाई सार्वजनिक नगरी निकट व्यक्तिहरूलाई राज्यका निकायमा नियुक्ति गर्न हतार गरिएको भन्दै आलोचना गरेका छन्।

# एक महिनामै १०९ अपराधिक घटना

**टुडे समाचारदाता**

जनकपुरधाम। पछिल्लो एक महिनामा धनुषा जिल्लामा विभिन्न प्रकृतिका अपराधका १०९ वटा घटना दर्ता भएका छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाले सार्वजनिक गरेको फागुन महिनाको प्रगति विवरणअनुसार हत्या, चोरी, सामाजिक अपराध, आर्थिक अपराध, सवारी अपराध लगायतका घटनाहरू दर्ता भएका हुन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक गणेश बहादुर बलमे जनाए अनुसार फागुन महिनामा ज्यानसम्बन्धी, चोरी, सामाजिक अपराध, आर्थिक अपराध तथा सवारी अपराधसमेत गरी कुल १०९ वटा मुद्दा दर्ता भएको छ।

सो अवधिमा ३ वटा कर्तव्य ज्यान, १५ वटा बैंकिङ कसूर, २ वटा जुवातास तथा २० वटा आर्थिक प्रकृतिका अपराधका घटना दर्ता भएका छन भने विभिन्न मुद्दामा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी अनुसन्धान अगाडि बढाएको जनाएको छ।

'फागुन महिनामा जिल्लाभर भएका अपराध नियन्त्रण तथा अनुसन्धानलाई




प्रभावकारी बनाउन प्रहरीले दैनिक गस्ती, चेकजाँच तथा भारततर्फका सुरक्षा निकायसँग समन्वय गर्दै काम गरेको छ,' प्रवक्ता बमले भने।

प्रहरीका अनुसार आत्महत्याका १२ घटना दर्ता भएका छन्। झुण्डिएर तथा विष सेवन गरी आत्महत्या गरेका घटनामा पुरुष र महिलासहित १६ वर्ष मुनिका २, १६ देखि २५ वर्ष समूहका ३, २६ देखि ३५ वर्षका ४, ३६ देखि ४५ वर्षका २ तथा ४६ देखि ६० वर्ष उमेर समूहका १ जना रहेको छ।

महिला तथा बालबालिकासम्बन्धी घटनामा पनि वृद्धि देखिएको छ । एक महिनाको अवधिमा घरेलु हिंसासम्बन्धी ४१ वटा उजुरी प्रहरीमा दर्ता भएको छ। त्यसमध्ये १९ वटा मुद्दा मिलापत्र गराइएको छ भने १ वटा मुद्दा अदालत पठाइएको प्रहरीले जनाएको छ।

प्रहरी तथ्यांक अनुसार विभिन्न उमेर समूहका ४५ जना हराएका छन्। तीमध्ये ८ जनालाई प्रहरीले फेला पारिसकेको जनाएको छ। फागुन महिनामा लागूऔषधसम्बन्धी ४ वटा मुद्दा दर्ता भएको छ भने ५ जना पक्राउ परेका छन्।

प्रहरीले ३४५ किलो ५२.९७ ग्राम गाँजा, ब्राउन सुगर, चरेस, अफिम, हेरोइनसहित विभिन्न औषधिजन्य लागूऔषध बरामद गरेको जनाएको छ। फागुन महिनामा धनुषामा १०५ वटा सवारी दुर्घटना भएको प्रहरीले जनाएको छ । ती दुर्घटनामा ५ जनाको मृत्यु भएको छ भने १७९ जना घाइते भएका छन्।

ट्राफिक नियम उल्लंघन गर्ने ७१२ वटा सवारीसाधनमाथि कारवाही गरी ६ लाख ४६ हजार रुपैयाँ जरिवाना संकलन गरिएको छ।

सो अवधिमा आगलागीका १६ वटा घटना भएको प्रहरीले जनाएको छ । आगलागीमा ३ जना घाइते भएका छन् भने उद्धारका लागि १६३ जना प्रहरी परिचालन गरिएको थियो।

जिल्ला प्रहरी कार्यालय धनुषाले अपराध नियन्त्रणका लागि नियमित मोबाइल गस्ती, पैदल गस्ती, ग्रामीण गस्ती तथा चेकिङ अभियान सञ्चालन गरेको जनाएको छ । लागूऔषध, आत्महत्या रोकथाम, महिला हिंसा तथा ट्राफिक सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गरिँदै आएको उनले जनाएको छ।

# ग्यास भण्डारण कम्पनीलाई जरिवाना




**टुडे समाचारदाता**

जनकपुरधाम । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले श्रीराम ग्यास उद्योगलाई ग्यास लुकाएर भण्डार गरी लुकाएर राखेको आरोपमा ३ लाख रुपैयाँ जरिवाना गरेको छ।

हरिसिद्धिस्थित गोदाममा भण्डारण गरिराखेको अवस्थामा १४.२ किलो भरिएका संख्या ६ हजार ३ सय ७७ थान ग्यास सिलिण्डर भेटिएको विभागले जनाएको छ । ग्यासको कृतिम अभाव सिर्जना गर्ने हेतुले जम्माखोरी गरेको अवस्थामा विभागको निरीक्षण टोलीले उक्त उद्योगलाई जरिवाना गरेको हो।

यस्तै बडि मालिका खाद्य भण्डारलाई १५ हजार दुवाडी स्टोर एण्ड मल्टी ट्रेडलाई ५ हजार रुपैया जरिवाना गरेको छ भने अन्य १७ व्यवसायीलाई सामान्य निर्देशन विभागले दिएको छ।

मौज्दातमा रहेको ग्यास सिलिण्डर नेपाल आयल निगमको समन्वय र रोहवरमा बिक्री वितरणको व्यवस्था मिलाउन निर्देशन दिइएको छ । कुनै वस्तुको कृत्रिम अभाव सृजना, जम्माखोरी गर्ने वा बिक्री गर्ने काम गरेकाले उद्योगलाई जरिवाना गरेको हो । उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६ को उपदफा २ को खण्ड छ बमोजिम काम गरेको विभागले जनाएको छ।

विभागले अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलपा गर्न नहुने भनेको छ। तर, उक्त ग्यास उद्योगले अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको विभागको ठहर छ। दफा ३९ को उपदफा १ को ख मा २ देखि ३ लाख रुपैयाँसम्म जरिवाना गराउन सक्ने उल्लेख छ। सोही अनुसार विभागले जरिवाना गरेको हो।

ग्यासको माग उच्च रहेको अवस्थामा आपूर्तिमा असर गर्ने गरी कृत्रिम अभाव सिर्जना गर्ने कार्य नगरी वितरण प्रणाली सहज गर्न समेत विभागले ग्यास उत्पादक (बोटलिङ) उद्योग र वितरकलाई आग्रह गरेको छ।

स्वच्छ र प्रातिस्पर्धी बजार सिर्जना गर्न, आपूर्ति प्रणालीमा सहजता ल्याउन, कृतिम अभाव लगायतका गैरकानुनी व्यापारिक क्रियाकलाप नियन्त्रण गर्न विभाग क्रियाशील रहेको विज्ञप्तीमा उल्लेख छ । विभागका अनुसार ७.१ केजी ग्यास वितरणको नीतिसँगै बजारमा ग्यासको आपूर्ति सहज बन्दै गएको छ भने केही दिनमा सामान्यीकरण हुँदै जानेछ। अनुचित व्यापारिक क्रियाकलाप सञ्चालन भएको पाइएमा विभागले टोल फ्रि नं. ११३७ मा जानकारी गराउनसमेत भनेको छ।

# दलित कुटपिट प्रकरण : छानबिन टोली घटनास्थलमा

**टुडे समाचारदाता**

रौतहट । रौतहटको फतुवा विजयपुर नगरपालिका-५ सन्तपुरमा दलित समुदायमाथि भएको कुटपिट घटनाको छानबिन गर्न राष्ट्रिय दलित आयोगको टोली घटनास्थल पुगेको छ। आयोगले घटनालाई गम्भीर रूपमा लिँदै पीडित परिवारसँग भेटघाट गरी प्रारम्भिक अनुसन्धान थालेको जनाएको छ।

आयोगका सदस्य सुन्दर पुर्कुटीको नेतृत्वमा आएको टोली सोमबार सन्तपुर पुगेर पीडित तथा आरोपित पक्षसँग छुट्टाछुट्टै भेट गर्दै घटनाबारे जानकारी लिएको हो। टोलीले घटनाको पृष्ठभूमि, पीडितको स्वास्थ्य अवस्था तथा स्थानीय सरोकारवालासँग छलफल गर्दै आवश्यक तथ्य संकलन गरेको जनाएको छ।

फागुन १९ गते होली पर्वको पूर्वसन्ध्या तथा प्रतिनिधिसभा निर्वाचन हुनुभन्दा दुई दिनअघि उक्त घटना भएको बताइएको छ । पीडित बिर्जा राम चमारका अनुसार सामान्य विवादपछि स्थानीय भुनेश्वर यादव र पसिन्द्र यादवसहितको समूह लाठी-भाटा लिएर साँझ करिब ६



बजे घरमै पसेर कुटपिट गरेको थियो। उनका अनुसार उक्त समूहले घरभित्र रहेका श्रीमती, छोरीसहित ६ जनामाथि निर्घात कुटपिट गर्नुका साथै घरका सामान तोडफोड गरेको र घरमा रहेका दुई वटा मोबाइल समेत फोडेको थियो।

कुटपिटबाट बिर्जा राम चमारको ढाड र घाँटीमा चोट लागेको छ भने उनकी श्रीमती गायत्री देवी रामको शरीरभरि निलडाम परेको देखिएको छ। उनका छोरा राजकुमार रामको टाउकोमा तीन टाँका लागेको छ भने सुब्बा रामकी १६ वर्षीया छोरीको टाउको फुटेर सात टाँका लागेको छ। त्यस्तै ललन राम चमारको अनुहार र शरीरमा चोट लागेको तथा नरेश राम चमारको टाउको र आँखामा चोट लागेको पीडित पक्षले जनाएको छ।

पीडित बिर्जा राम चमारको उजुरीका आधारमा जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी सिताराम रिजालको निर्देशनमा इलाका प्रहरी कार्यालय विजयपुर लक्ष्मिनियामा गत बुधबार ८ जना माथी ज्यान मार्ने उधोग मुद्दा दर्ता गरिएको हो।

घटनामा संलग्न भनिएका पसिन्द्र यादवलाई प्रहरीले पक्राउ गरेको छ भने अन्य आरोपित भुनेश्वर यादव, नितेश यादव, जगु यादव (नगेन्द्र यादव), सुखारी यादव, गिरधारी यादव, नबिन कुमार यादव र जयप्रकाश यादव फरार रहेको र उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ । पीडित परिवारले हालसम्म आफूहरू डर-त्रासको वातावरणमा बस्न बाध्य भएको बताएका छन्।

पीडित परिवारसँग कुराकानी गर्दै आयोगका सदस्य पुर्कुटीले जातीय आधारमा हुने हिंसा कानुनविपरीत गम्भीर अपराध भएको उल्लेख गर्दै यस्ता घटनाप्रति राज्य संवेदनशील हुनुपर्ने बताए। उनले घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी कारबाही गराउन तथा पीडितलाई न्याय दिलाउन आयोगले आवश्यक पहल गर्ने प्रतिबद्धता जनाए।

घटनास्थल अवलोकनका क्रममा पूर्वमन्त्री विश्वेन्द्र पासवान, फतुवा विजयपुर नगरपालिकाका मेयर प्रत्याशी विजय यादव इलाका प्रहरी कार्यालय विजयपुरका प्रमुख, सशस्त्र प्रहरीका प्रतिनिधि तथा दलित अभियन्ता र स्थानीय सरोकारवालाको उपस्थिति रहेको थियो।

# सवारी दुर्घटनामा एकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। गाडीको ठक्करबाट धनुषामा एक मोटरसाइकल चालकको मृत्यु भएको छ। सोमबार बिहान सबैला नगरपालिका-९ स्थित सडकखण्डमा मोटरसाइकल र गाडी एकआपसमा ठोक्किँदा दुर्घटना भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा शहीदनगर नगरपालिका-१ कुमकरन निवासी ३० वर्षीय सरोज यादव गम्भीर घाइते भएका थिए। उनी प्र.२-०२-००२ प २६७७ नम्बरको मोटरसाइकल चलाइरहेका थिए।

गम्भीर घाइते भएका यादवलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम लगिएको थियो। अस्पतालमा उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा संलग्न म.प्र.०२-००१ ज ०१०४ नम्बरको गाडीका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं ।

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरुपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदुषण नियन्त्रणमा जिम्मेवार बनौं ।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८